वर्ष : १६, अंक : ४६, काठमाडौं, २०७७ फागुन २१ गते शुक्रबार, 5 March 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# सत्ता समीकरणको राजनीति सुरु

## अनिर्णित जसपालाई ओलीभन्दा प्रचण्ड-नेपाल सजिलो



**मधेशवाणी डेस्क**

काठमाडौं । सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापित गरेसँगै छिट्टै राजनीतिक गतिरोध अन्त्य हुने कतिपयले आशा गरे पनि अवस्था त्यति सहज नरहेको प्रतीत हुन थालेको छ ।

नेकपाको प्रचण्ड-नेपाल समूहले प्रधानमन्त्री केपी शर्मा ओलीले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने बताइरहँदा प्रधानमन्त्रीले राजीनामा नदिने अडान लिएका छन् ।

यसबीचमा नेकपाका दुवै समूहले प्रधानमन्त्रीविरुद्ध प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव पेश हुने र त्यसमाथि मतदान हुने अवस्था आएमा नेपाली कांग्रेस र जनता समाजवादी पार्टी जसपाको साथ पाउने आशा व्यक्त गर्दै आएका छन् । तर के उनीहरूले आशा गरेझैं कांग्रेस र जसपा कुनै समूहको पक्षमा उभिन तयार छन् त? ती दुवै दलका नेताका कुरा सुन्दा उनीहरू तत्काल कसैको पक्षमा खुल्न चाहेका छैनन् अर्थात् उनीहरूले पर्ख र हेरको नीति अवलम्बन गरेको देखिन्छ । कांग्रेसले कुनै पार्टी विशेषको आन्तरिक विवादमा नफस्ने बताउँदै आएको छ ।

सहकार्यबारे केही दिनअघि नेकपाका नेताद्वय प्रचण्ड र नेपालले जसपाका नेताहरू महन्थ ठाकुर, राजेन्द्र महतो र राजेन्द्र श्रेष्ठसँग पनि पेरिसडाँडामा छलफल गरेका थिए । सो क्रममा महतोले तपाईंको पार्टी कुन हो भन्ने प्रश्न प्रचण्डतर्फ तेर्स्याएका थिए ।

नेता महतोले लोकप्रियताका लागि त्यो अभिव्यक्ति दिएको भन्ने कतिपयले टिप्पणी गरिरहँदा सहकार्यबारे जसपा पनि नेपाली कांग्रेसजस्तै समयको पर्खाइमा रहेको देखिन्छ ।

'हामी कोहीसँग हुँदैनौं, हामी हाम्रो मुद्दासँग हुन्छौं । हाम्रो मुद्दासँग को आउँछ त्यो हामीले हेर्ने हो,' महतो भन्छन् । महतोले प्रधानमन्त्री ओली, प्रचण्ड र नेपाल अहिले पनि एउटै पार्टीका नेता भएको बताउँछन् । यद्यपि नेकपा औपचारिक रुपमा फुटे मात्र जसपाको निर्णय हुने पार्टीका नेताहरुको मत छ ।

सर्वोच्च अदालतले फागुन ११ गते प्रतिनिधिसभा पुनःस्थापना गर्दै त्यसको १३ दिनभित्र अधिवेशन बोलाउन आदेश दिएको थियो, जसअनुसार फागुन २३ गते आइतवार दिउँसो ४ बजेलाई प्रतिनिधिसभाको अधिवेशन आह्वान गरिएको छ ।

जसपाका नेताहरुको भनाइ जे भएपनि उ यस पटकको सत्ता समीकरणमा ओली पक्षसँग जोडिने सम्भावना कम छ । उसको निकटता नेकपा दाहाल-नेपाल समूहसँग देखिन्छ । अहिले सबैको नजर संसद बैठकमा छ । नेता महतो पनि संसद् बैठक सुरु भएपछि समीकरणका विषयमा छलफल हुने बताउँछन् । प्रतिगमनकारी' ओलीसँगै फेरि गठबन्धन सम्भव नहुने नेताहरुको ठहर छ । त्यसैले प्रधानमन्त्री ओलीलाई हटाएर दाहाल-नेपाल समूहसँगको गठबन्धनमै सरकार बनाउने तिर जसपा अग्रसर हुने सम्भावना बढी छ । सरकारको नेतृत्व दाहाल-नेपाल समूह, कांग्रेस र जसपा जसले पनि लिने परिस्थिति बन्न सक्ने आंकलन गरिएको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्रीको असंवैधानिक कदमलाई साथ दिएकाले उनलाई महाअभियोग लगाएर हटाउने पक्षमा पनि जसपा उभिने प्रवल सम्भावना छ । तर यसका लागि जसपाले सरकार बनाउने पार्टीसँग ठोस सहमति गर्नेछ । जसपाको मुख्य चासो संविधान संशोधनको एजेन्डा हो र अब बन्ने सरकारसँग यो विषय प्रवेश हुनेछ । नयाँ सत्ता समीकरणको लागि अब हुने वार्तामा जसपाले भने आफूले पहिलादेखि नै उठाउँदै आएको संविधान संशोधनको विषय उठाउने तयारी गरेको छ ।

२०७२ सालमा संविधान जारी भएदेखि नै संविधान संशोधनको बारेमा ठूला दलहरुले पटक-पटक प्रतिवद्धता जनाएको तर धोका दिएको सो पार्टीको बुझाइ छ । यसबाहेक कैलाली घटनाको प्रमुख दोषी करार भएका रेशम चौधरी लगायतका नेताको रिहाइलाई पनि जसपाले प्रमुख मुद्दा बनाएको छ ।

त्यसो त, ओली सरकार विस्थापित भएको अवस्थामा नेपाली काँग्रेस सत्ता समीकरणको केन्द्रमा आउन सक्छ तर त्यस अवस्थामा जसपाको पनि अहम् भूमिकामा रहने आँकलन गरिएको छ ।

सत्ता समीकरण बनाउने सन्दर्भमा ओली पक्ष र ओली इतरपक्ष गरी दुई राजनीतिक ध्रुव निर्माण हुने जानकारहरु बताउँछन् । हाल नेकपामा देखिएको दुई धारकै आधारमा सत्ता समीकरण निर्माण हुन सक्ने उनीहरुको भनाइ छ । यस अनुसार नै सत्ता गठबन्धनका लागि दलहरुले आफ्नो भूमिका निर्धारण गर्नुपर्ने हुन्छ ।

अहिले नेकपाका दुई पक्षभन्दा बाहेकका दलले यस्तो भूमिकाका लागि आफ्नो 'कित्ता क्लियर' गरिसकेका छैनन् । तर प्रचण्ड-माधव पक्ष र ओली पक्षले भने कुन दलसँगको समीकरणमा के कस्ता फाइदा वा घाटा भन्नेबारे लेखाजोखा गरिरहेका छन् ।

त्यो अवस्थामा जनता समाजवादी पार्टी नेपाललाई नेकपा प्रचण्ड-माधव समूह रोज्छ कि ओली समूह रोज्छ भन्ने प्रस्ट हुन बाँकी छ । जसपाका लागि नेकपाको कुन समूह 'कम्फर्टेबल' हुन्छ भन्नेबारे पनि सो पार्टीभित्र फरक फरक तर्क आइरहेको छ ।

जसपा नेपालको एउटा समूह प्रचण्ड-माधव पक्षसँग नजिक छ भने अर्को समूह ओलीसँग निकट छ । जसले गर्दा जसपा

***बाँकी अन्तिम पृष्ठमा***

## प्रदेश भ्रमण गर्दै डा.अहिराज



जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले ६ वटै प्रदेश भ्रमणमा निस्केका छन् । अन्य प्रदेशका प्रमुखसँग भेटेर अनुभव आदानप्रदान, प्रदेश सरकारको काममा कसरी सहयोग गर्ने, प्रमुखको भूमिको कस्तो हुनुपर्ने लगायतका विषयमा छलफल थालेका छन् । प्रदेशैपिच्छे घुमेर अनुभव र प्रभावकारी काम गर्नका लागि समन्वय गरिरहेका अहिराज छिट्टै प्रदेश नं २ लाई नमुना प्रदेशको रुपमा विकासमा आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रदेश प्रमुख कार्यालयका सचिव ध्रुव गैंडाले जनाएका छन् । साथै, प्रदेश प्रमुखको निजी सचिवालयमा आफ्नो स्वकीय सचिवालय नराख्ने र निजामती कर्मचारीहरुबाटै कार्य सम्पादक गर्ने कार्यालय सचिव गैंडाले बताए ।

## डा.राउतद्वारा आर्थिक सहयोगका लागि आह्वान



जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले प्रथम महाधिवेशनका लागि आर्थिक सहयोगको आह्वान गरेका छन् । आगामी चैत २८ र २९ गते जनकपुरधामको बाह्रबिघामा जनमतको पहिलो महाधिवेशन हुन लागेको हो । महाधिवशनका लागि डा.राउतले आर्थिक सहयोगका लागि आह्वान गरेका हुन् । महाधिवेशनलाई भव्यताका साथ सफल पार्न आवश्यक सहयोगका लागि पार्टीका सम्पूर्ण सदस्य तथा आम जनसमुदायसंग अपिल गरेका छन् । महाधिवेशनमा देशका विभिन्न भागबाट करिब ५ सय प्रतिनिधि, २५ हजार स्वयंसेवक तथा विदेशबाट अतिथिको समेत सहभागिता रहने जनाइएको छ ।

## दलित विकास समितिका पदाधिकारीले पाए नियुक्ति



जनकपुरधाम । प्रदेश २ सरकारले केही दिनअघि गठन गरेको दलित विकास समितिका पदाधिकारीलाई बुधबार नियुक्ति पत्र प्रदान गरिएको छ । समाजिक विकास मन्त्रालयले आयोजना गरेको एक कार्यक्रमकाबीच मुख्यमन्त्री लालबाबु राउतले उनीहरुलाई नियुक्ति पत्र प्रदान गरेका हुन् ।

त्यस अवसरमा बोल्दै मुख्यमन्त्री राउतले प्रदेशका १८ प्रतिशत दलित समुदायको पहिचान र अधिकार संरक्षण गर्नका लागि सरकारले दलित सशक्तीकरण ऐन बनाएको बताए । दलित विकास समितिलाई हरसम्भव सहयोग गर्ने बताउँदै उनले तत्काल कार्य अगाडि बढाउन नियुक्त भएका पदाधिकारीलाई निर्देशन समेत दिए ।

प्रदेश सरकारले केहि दिनअघि दलित विकास समितिको उपाध्यक्षमा रामप्रवेश बैठा तथा सदस्यहरुमा सेबकी देवी दास, श्यामसुन्दर सरदार, राजकुमार दास तत्मा र सुनिता मरिकलाई नियुक्त गरेको थियो । समितिका अध्यक्ष समेत रहेका समाजिक विकास मन्त्री नवल किशोर साहले नवनियुक्त पदाधिकारी र सदस्यलाई शुभकामना दिदै सरकारले हरसम्भव सहयोग गर्ने बताए ।

## बुद्ध एयरले जनकपुर-अयोध्या हवाई उडान गर्ने

काठमाडौं । नेपालको जनकपुर र भारतको अयोध्याबीच हवाई सेवा सञ्चालनको तयारी सुरु भएको छ । यी दुई शहरलाई जोड्ने गरी निजी वायुसेवा कम्पनी बुद्ध एयरले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणसँग अनुमति मागेको छ । सहजीकरणका लागि प्रदेश २ सरकारसँग समेत आग्रह गरिएको छ । अयोध्या उडानमा उत्तर प्रदेशका मूख्यमन्त्री योगी आदित्यनाथको समेत चासो रहेका कारण अयोध्यातर्फ अनुमति प्राप्त हुने विश्वास कम्पनीको छ । अयोध्यामा भारतले राम मन्दिर बनिरहेको छ, जनकपुर सीताको माइती शहर हो ।

कम्पनीले यसअघि काठमाडौंबाट वनारासका लागि सिधा उडान गरिरहेको थियो । यो रुटको उडान लकडाउन र प्रतिवन्धपछि झिकिएको थियो । त्यसअघि बुद्धले कलकत्ता उडानमा समेत हात हालेको थियो । यो रुटमा अपेक्षित सफलता प्राप्त भएन । तर, जनकपुर-अयोध्या उडानमा भने पर्याप्त यात्रु पाउने अपेक्षा कम्पनीको छ ।

बुद्ध एयरका अनुसार जनकपुरबाट अयोध्या उडान ५० मिनेटको हुने भएको छ । आन्तरिक तयारी शुरु भएको र अयोध्यामा आन्तरिक विमानस्थलको स्तरोन्नति गरी अन्तर्राष्ट्रिय स्तरको बनाउने काम भइरहेका कारण निकट भविष्यमा यस रुटमा उडान गरिने कम्पनीले जनाएको छ ।

## चुरे संरक्षणमा पूर्वराष्ट्रपति डा.यादवको जोड

जनकपुरधाम । पूर्वराष्ट्रपति डा. रामवरण यादवले चुरे संरक्षण हुन नसकेकोप्रति चिन्ता व्यक्त गरेक छन् । चुरे विनास भइरहेको अवस्थामा सरकारी स्तरबाट त्यसको संरक्षणमा ध्यान पुग्न नसकेको भन्दै उनले दुःख व्यक्त गरे ।

बुधबार जनकपुरधाममा जनकपुर साहित्य महोत्सवको उद्घाटन गर्दै पूर्वराष्ट्रपति डा. यादवले प्रदेश २ को विकास चुरेसँग जोडिएकोले यसको संरक्षण हुन नसकेकोमा चिन्ता व्यक्त गरे । उनले चुरेसँग मधेशको भाग्य र सिङ्गो मुलुकको भविष्य जोडिएको बताए ।



प्रदेश २ को समृद्धिको मेरुदण्ड मानिने कृषि उपजको भविष्य चुरे संरक्षणसँग जोडिएको र यहाँका करिब ६० प्रतिशत जनसंख्याको जीवन चुरेमाथि निर्भर रहेकोले त्यसलाई जोगाउन अगाडि आउनु पर्ने आवश्यकता रहेको पूर्वराष्ट्रपति यादवले बताए । उनले भने, 'चुरे विनाशका कारण प्राकृतिक विपत्ति सिर्जना भइराखेको छ । चुरे संरक्षणमा सरकारीस्तरबाट ध्यान पुग्न सकेन ।' चुरेसँग मधेशको भाग्य र सिङ्गो मुलुकको भविष्य जोडिएको उनले बताए । प्रदेश नम्बर २ को समृद्धिको मेरुदण्ड मानिने कृषि उपजको भविष्य चुरे संरक्षणसँग जोडिएको छ । चुरे संरक्षण मार्फत यी जनसंख्याको जीवन नै ध्वस्त हुने भएकाले त्यसबाट जोगाउन अगाडी आउनु आवश्यक रहेको उनले बताए ।

मधेशलाई मरुभूमिकरणबाट जोगाउन मात्र नभई बाढीपहिरोको विपदबाट जोगाउनसमेत चुरे संरक्षणलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो ।

पूर्वराष्ट्रपति यादवले यस क्षेत्रको विकासका लागि चुरे सँगसंगै शिक्षा क्षेत्रको विकासतर्फ समेत ध्यान पुऱ्याउनु आवश्यक रहेको बताए ।

जनकपुरधाममा चार दिवसीय जनकपुर साहित्य महोत्सव सुरु भएको छ । चार दिनसम्म चल्ने महोत्सवमा साहित्यकारदेखि कलाकारसम्मको सहभागिता रहनेछ । चार दिनको विभिन्न १५ वटा सत्रमा करिब चार दर्जन श्रष्टाहरुको उपस्थिति रहने आयोजकले जनाएका छन् ।

## समन्वय नहुँदा प्रदेश २ मा दुई सय मेगावाट क्षमताको सोलार प्रोजेक्ट रोकियो : विनोद चौधरी

जनकपुरधाम । उद्योगपति तथा प्रतिनिधिसभा सदस्य विनोद चौधरीले व्यापारको उदग्म स्थलको रुपमा जनकपुरधाम भएपनि यस क्षेत्रमा विकास हुन नसकेको बताएका छन् ।

संघ सरकार र प्रदेश सरकारको विवादको कारण व्यवसायीहरु लगानी गर्न चाहेपनि लगानी गर्न नपाएको उनले बताए ।

जनकपुरधाममा भएको दोस्रो जनकपुर साहित्य महोत्सवमा बोल्दै उद्योगपति चौधरीले आफूहरु यस प्रदेशमा लगानी गर्न चाहेपनि संघ र प्रदेशको अधिकार बाँझिएको कारण लगानी गर्न नसकेको बताए । उनले भने, 'संघीयता पश्चात विकास गर्ने क्रममा यसै प्रदेशबाट



विकासको काम सुरु गर्ने मान्सिकताको साथ २ सय मेगावाटको सोलार पावरको प्रोजेक्ट सञ्चालन गर्न मंत्रीजी र लगानीकर्ता बिच सम्झौता गरायौं तर दुर्भाग्यवस प्लान्ट सञ्चालनको लागि जग्गा उपलब्ध गराउने अधिकार संघको हो कि प्रदेशको यसै लफडामा प्रोजेक्ट रोकियो ।' संघ र प्रदेश बिचको खिचातानीको कारण यहाँको विकासमा अवरोध भइरहेको उनले बताए ।

उनले भने, 'अब सञ्चालन हुन लागेको रेल्वे, हालै उद्घाटन भएको एयरपोर्टहरु भएपनि प्रदेश र संघ बिचको खिचातानीको कारण विकासको काम अवरुद्ध भइरहेको डर र आस्वस्त भएर फर्कदैछु ।' व्यापार व्यवसायको उदगम स्थलको रुपमा यो प्रदेश रहेको भन्दै यहाँ व्यापार गर्ने सम्पूर्ण वातावरण भएकोले यहाँ आफूहरु लगानी गर्न तयार रहेको चौधरीले बताए । उनले कुनै समय नेपाल सिमेन्टमा भारतमा निर्भर रहेको भन्दै भने, 'सरकारले खानी नजिक विधुतको पहुँच पुऱ्याएपछि अहिले नेपाल सिमेन्ट निर्यात गर्ने देशमा परिणत भएको छ ।' सरकारले व्यवसायीको लागि व्यवसाय गर्ने वातावरण बताए व्यवसायीहरु लगानी गर्न तयार रहेको उनले बताए ।

# स्वतन्त्र राष्ट्र र मौलिकताको प्रयोग ?

## सम्पादकीय

## संसद पुन:स्थापनापछि के ?

देश विकासमा जुट्नुको सट्टा नेपालको बहुमत प्राप्त सत्ताधारी राजनीतिक दल नेकपा आन्तरिक खिचातानीमा गिजोलिएको छ । नेकपाको विवादका कारण मुलुक सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिएको छ । प्रधानमन्त्रीबाट विघटित संसद पुन:स्थापना भएको छ तर यसले निकास दिन्छ वा दिदैन भन्ने सुनिश्चित छैन । बहुमतको ऊर्जाले परिणाम दिने सङ्केत थियो । सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र र संविधान कार्यान्वयन गर्ने जिम्मेवारीमा रहेको दुईतिहाइ बहुमतको नेकपाको सत्तासीन सरकार र सोही दलको व्यवहार र विवादले यो स्थिति भोग्नुपर्ला भन्ने जनअपेक्षा थिएन । इमानदार जनता र आस्थावान कार्यकर्तामाथि गरिएको जनमतको अनादरप्रति शीर्षराजनीतिक नेता र नेतृत्व पूर्णत: दोषी ठहरिएको छ ।

अहिले जनताका सपना र आकांक्षामाथि कुठाराघात प्रहार भएको छ। जनताको विश्वास, कार्यकर्ताको मनोबल र पार्टीको साख गिर्नेगरी तल्लो तहसम्मको विभाजित व्यवहार र मानसिकता गलत बाटो हो। राजनीतिक कमीकमजोरीको आत्मालोचना गर्दै लोकतान्त्रिक व्यवस्था र संविधानको रक्षार्थ छरपस्ट रूपमा मतभिन्नता

**अझै पनि विगतको पुरानै राजनीतिक दूषित प्रणाली र इतिहासलाई नै निरन्तरता दिने कुराले हामीले चाहेको राजनीतिक स्थायित्व कदापि हासिल हुन सक्दैन । जबसम्म राजनीतिले स्थायित्व ग्रहण गर्दैन देशको समतामूलक विकास, समृद्धि र सुशासन फेरि पनि आदर्शकै विषय बन्नेछ ।**

भएका नेताबीच दलीय संस्थागत निर्णयमा एकढिक्का भई अगाडि बढ्नु अर्को एउटा विकल्प छ। संसदीय व्यवस्थामा विगतमा देखिएका सबै बेथिति र विसङ्गति नदोहोऱ्याउनु सरकारको न्यूनतम दायित्व हो । संविधानको मूल भावना, मर्म हो ।

संविधानसभाबाट जारी संविधानले जनभावनाको कदर र राजनीतिक स्थायित्वभित्र विधि र पद्धतिको वकालत गर्छ। यसविपरीतका गतिविधि बढ्दै जाँदा सत्तारूढ दल र सरकारप्रति चुनावमा व्यक्त जनअभिमत कायम नरहने पक्का छ । अझै पनि विगतको पुरानै राजनीतिक दूषित प्रणाली र इतिहासलाई नै निरन्तरता दिने कुराले हामीले चाहेको राजनीतिक स्थायित्व कदापि हासिल हुन सक्दैन । जबसम्म राजनीतिले स्थायित्व ग्रहण गर्दैन देशको समतामूलक विकास, समृद्धि र सुशासन फेरि पनि आदर्शकै विषय बन्नेछ। निर्वाचनले मात्र राजनीतिक गतिरोधलाई अन्त्य गर्दैन । सत्ता परिवर्तन हुनेछ तर नेतृत्व उही र उस्तै हुनेछ। जबसम्म बहुपक्षीय राजनीतिक एकता र मेलमिलाप हुन सक्दैन तबसम्म मुलुक अस्थिरतामै कायम रहनेछ ।

सरकार र पार्टीविरुद्धका यावत् षड्यन्त्र प्रपञ्च चिर्न पार्टीभित्रको अन्तरविरोधको उचित निकासमा सहमति र सहकार्यको मार्ग अवलम्बन गर्नु नेकपा नेतृत्व र सरकार बेलैमा सचेत बन्नुपर्छ। जननिर्वाचित ओली नेतृत्वको सरकारलाई विस्थापित गरी सरकार बदल्ने प्रपञ्च एउटा आत्मकेन्द्रित अवसरवादी षड्यन्त्र हो भने नयाँ बन्ने सरकारले शुसानको सुनिश्चिता गर्छ भन्ने के ग्यारेन्टी ?

नेकपाभित्र दक्षिणपन्थी, मध्यपन्थी तथा वाम अवसरवादका प्रभावहरू छन् । त्यो विकृत प्रभावलाई राजनीतिक ध्रुवीकरणको माध्यमबाट एकता ,संघर्ष र रूपान्तरणको अविच्छिन्न शृङ्खलाको माध्यमबाट रूपान्तरणको दिशामा लैजानुपर्छ । आफ्नै पार्टीभित्रका नेतामा निहीत टपर्टुइयाँ उग्रवामपन्थ र बाहिरका विपक्षीहरूद्वारा प्रायोजित दुष्प्रचारको भ्रमबाट आम जनतालाई मुक्त राख्न ओली नेतृत्वको सरकार र नेकपा जनताप्रति जिम्मेवार र जवाफदेही बन्नैपर्छ ।

## विचार - विश्लेषण भाग-८६



उपेन्द्र झा

दुई महाशक्ति देशहरुको बीचमा स्वतन्त्र राष्ट्रको रुपमा रहेको नेपाल जति गौरवान्वित छ, उन्नति, प्रगति तथा मौलिक हक प्रयोग गर्नमा कमजोर पराभिमुख संस्कार बनाएको छ । राष्ट्रिय स्वतन्त्रताको जतिसुकै गुणगान गरेपनि राजनीतिकर्मीहरुको गुलामी संस्कारबाट देश पीडित छ । शक्तिकेन्द्रहरुको चाकडी गरी व्यक्तिगत तथा राजनीतिक लाभ लिन इमान्दारी, स्वाभिमान बेचेर भएपनि राजनीतिमा आफ्नो सर्वोच्चता कायम राख्न पछि परेको छैन ।

दुई चारवटा विश्वविद्यालय दुई चारवटा सडक निर्माण तथा केही अस्पतालको निर्माण देखाएर देशको विकास देखाउने यहाँका राजनीतिकर्मीहरु देशको चरम व्यापार घाटा, परनिर्भरताको डरलाग्दो ग्राफ तथा उत्पादनको क्षेत्रमा शून्य तथ्यांकबाट किञ्चित लाज मान्दैन । ५० लाख युवाहरु विदेश पलायन भएर यहाँ जेनरेशन ग्याप भएको शर्मनाक अवस्थामा पनि हाम्रा युवाहरु बजेट बराबरको रेमिट्यान्स पठाइ रहेको भनेर गौरवान्वित हुन्छन् । आत्मनिर्भर हुने योजनामा सो रकमको उपयोगिताबारे केही ज्ञान नरहेको तर भ्रष्टाचार गर्न र गराउन सबै योग्य छन् ।

दुई पार्टी (नेपाली कांग्रेस र नेकपा) को मात्र राजनीतिमा वर्चस्व कायम रहेको अवस्थामा ७० वर्ष बित्दा पनि नेपालमा कुन शासन प्रणाली राख्ने भन्ने ठोस निर्णय गर्न नसक्दा देशको राजनीतिक प्रणाली स्थिर हुन सकेको छैन । राज्य सुविधाबाट वञ्चित जनताहरु अधिकारका लागि अनेकौं लडाइँ लडेपनि यी दुई पार्टी (नेपाली कांग्रेस र नेकपा) ले देशको राजनीतिलाई स्थिर हुन दिएन र सधैं द्वन्द्वको घेरामा राजनीतिलाई राखेर व्यक्तिगत तथा दलीय स्वार्थ पूरा गर्न व्यस्त रहे । देश र जनताप्रतिको दायित्वलाई बिर्सेर स्वार्थान्धतालाई नै स्वीकारोक्ति अहिले पनि त्यहीं भएको छ ।

भारतको विरुद्ध चीनको अन्तरंग मित्र बनेर केपी शर्मा ओलीले राजनीतिमा लोकप्रियताको जुन उचाई प्राप्त गऱ्यो, अहिले त्यहीं चीनलाई छोडेर भारतसँग सम्बन्ध सुधार्ने प्रयास गर्दैछ । चीनसँग भए भरका सहयोग प्राप्त गरेर नयाँ मित्र बनाउन भारततिर जानु कुनै अनौठो कुरा होइन । सम्बन्ध सुधार्नु कुनै अपराध होइन तर कुटनीतिक मैत्री सम्बन्धको सन्तुलन राख्न नसक्नु राजनीतिक अयोग्यता हो । भारतलाई चिनियाँकार्ड तथा चीनलाई भारतीयकार्ड देखाएर यहाँका राजनीतिकर्मीहरु व्यक्तिगत रुपमा धनवान बने, राजनीतिको शीर्ष तहमा विराजमान रहे तर देश र जनताको बारेमा कुनै चासो राखेन । दान, दातव्य आदिबाट देश विकास गर्ने परोपकारी सोच राजनीतिकर्मीमा देखिएन । दान दातव्यको असीमित रकम ०७४ सालको चुनावमा खोला सरि बगाएर आफ्नो आसेपासेका व्यक्तिलाई जिताएर ल्याउने रकमी चुनावी परिपार्टीको थालनी गराइयो । आफ्नो बहुमतको सरकार बनाउने केपी शर्मा ओली योजनाको अभावमा जनमुखी सोच नभएको अवस्थामा आधा कार्यकालमै लोकप्रियता गुमायो । सपार्नुभन्दा बिगार्नुमा बढी दिमाग चलाउने राजनीतिकर्मीहरुको चरित्र बनेको छ ।

शक्तिकेन्द्रको दलाली गर्ने चरित्र शासकवर्गले विरासतमा पाएको हो । दास मानसिकताले देश उन्नति गर्न सक्दैन भन्ने यथार्थको ज्ञान रहँदा पनि गुलामी चरित्रमा किञ्चित परिवर्तन देखिएन । जंगबहादुरले कम्पनी सरकारको गुलामी देश बचाउनका लागि गरेको थियो भन्ने कुरा सबैलाई थाहा छ । तर अहिलेका शासकवर्ग स्वार्थ पूरा गर्न शक्तिकेन्द्रका गुलाम बनेका छन् ।

नेपाल भारत सम्बन्ध प्राकृतिक रुपले बनेको छ । भूपरिवेष्ठित राष्ट्र नेपालको निकासद्वार भारत नै हो । सामाजिक, धार्मिक, सांस्कृतिक समानताको आधारमा दुवै देशबीच जोडिएको प्राकृतिक सम्बन्धलाई बिना कारण अपमानजनक भाषा प्रयोग गरेर, गालीगलौज, होच्याउने, धम्काउने आदि अनेक तवरले वैरभावको प्रदर्शन गरी केपी शर्मा ओलीले विगत ६ वर्षमा सम्बन्धलाई तनावपूर्ण बनाएर राख्यो । यस अवधिमा चीनसँग गहिरो मैत्री सम्बन्ध बनाई मनोवाञ्छित लाभ लिन पछि परेन । अहिले के कारण प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारत राम्रो लाग्न थालेको हो ।

भारत विरोधी भावना फैलाएर राष्ट्रवादको महल बनाउन सफल केपी शर्मा ओली पुनश्च: भारतसँगको गहिरो मैत्री सम्बन्धले राष्ट्रवादको भव्य महल धरासायी त हुने होइन ?

दाउ हान्ने खेलाडी सधैं जित्ने होइन । राजनीतिका बडे-बडे खेलाडीहरु धरासायी भएका छन् । ओली पनि हुन्छन् । अरु आउँछन् जान्छन् । तर देश र जनताको उन्नति, प्रगतिबारे सोच्ने व्यक्तित्व राजनीतिक क्षितिजमा देखिँदैन । जनता एउटाबाट ठोकर खाएर अरुतिर जाने परम्पराबाट बाहिर निकल्न सकिरहेको छैन ।

नेपालमा भारतप्रतिको घृणा तल्लो तहमा चरम अवस्थामा देखिन्छ । यति बिघ्न घृणा चीन, अमेरिका आदिप्रति देख्न पाइन्न । यसमा भारतको पनि सोचको केही त्रुटि होला तर यसलाई तनावको अवस्थामा लैजानु बुद्धिमानी होइन । चरम तनावमा रहेका नेपाल-भारत सम्बन्ध यति छिटो केपी शर्मा ओलीको पहलमा मैत्री सम्बन्धमा कसरी बद्लियो ? यति छिटो सम्बन्ध सुधार कसरी भयो ? के यो आत्म समर्पण त होइन ? राष्ट्रवादीहरु व्यापक रुपमा चर्चा गरिरहेका छन् । यही विधिबाट सम्बन्ध सुधार्ने हो भने स्वाभिमानको कुरा गर्न व्यर्थ हो । विगतको तल्लो स्तरको अपमानजनक कुटनीतिक व्यवहारले लत्रिन बाध्य पारेको हुन सक्छ । जे विधि भएपनि केपी ओलीले भारतसँग सम्बन्ध सुधार्न गरेको प्रयासलाई प्रशंसा गरिदिनु पर्छ ।

सन् २०१४-२० को अवधिमा चीनसँग कहिल्यै नरहेको गहिरो मैत्री सम्बन्ध र दर्जनौं दुई हितका सम्झौता पत्रमा हस्ताक्षर भएको छ । नाकाबन्दीका बेला दैनिक उपभोग्य वस्तुको पहिलो खेप मार्गको अप्ठ्यारा पार गरेर भएपनि प्रधानमन्त्री केपी शर्मा ओलीले ल्याएर भारतलाई चुनौती दिएको थियो । अहिले चीनसँग दूरी बढाएर भारत नजिक आएको ओली भोली कहाँ जाने ठेगान छैन ।

**शक्तिकेन्द्रको गुलामी गरेर पाउने पारितोषिक देशहितमा लगाएको भए अहिलेसम्म परनिर्भरता निश्चय नै हटथ्यो होला । जनताको खुशहाली बढ्थ्यो होला । तर व्यक्तिगत स्वार्थका लागि गरेको गुलामहरुसँग न इमान्दारी हुन्छ, न चरित्र, न स्वाभिमान ।**

शक्तिकेन्द्रको गुलामी गरेर पाउने पारितोषिक देशहितमा लगाएको भए अहिलेसम्म परनिर्भरता निश्चय नै हटथ्यो होला । जनताको खुशहाली बढ्थ्यो होला । तर व्यक्तिगत स्वार्थका लागि गरेको गुलामहरुसँग न इमान्दारी हुन्छ, न चरित्र, न स्वाभिमान । त्यसपछि स्वाभिमानको बेसुरा नाराको कुनै अर्थ हुँदैन ।

janukjha24@gmail.com

## सर्वोच्चको फैसला र भावी सरकार



भोला बनिया

प्रधानमन्त्री के.पी. शर्मा ओलीलेगत पुष ५ गते राष्ट्रपतिको सिफारिसमा प्रतिनिधिसभा विघटन गरेका थिए । विघटन सम्बन्धी मुद्दाको सुनुवाइ गर्दै सर्वोच्च अदालतले यही फागुन ११ गते प्रधानमन्त्रीले गरेको विघटनलाई बदर गर्दै प्रतिनिधि सभालाई पूर्नस्थापना गर्ने निर्णय सुनाएको छ। यस निर्णयलाई संविधानविद, मानवअधिकारवादी, पूर्व प्रधानन्याधीस, न्यायधिस, बुद्धिजिवी समाज आदि सबैले स्वागत गरेका छन । सर्वोच्च अदालतले प्रधानमन्त्री के.पी. शर्मा ओलीले आगामी दिनमा ताजा निर्वाचनको नाममा गर्ने गैरसंवैधानिक क्रियाकलाप माथि पनि बन्देज लगाएको छ।

प्रधानमन्त्रीको विशेषाधिकारको रूपमा रहेको विघटनको निर्णयले राजनीतिक अस्थिरता निम्त्याएको र कुनै पनि प्रतिनिधिसभाले पुरै कार्यकाल काम गर्न नपाएको अनुभवको आधारमा २०७२ सालको संविधानमा प्रतिनिधि सभा विघटनलाई प्रधानमन्त्रीको अधिकारको रूपमा राखिएन तर प्रधानमन्त्री ओलीले गत पुष ५गते संविधानमै नभएको अधिकार प्रयोग गरी विघटनको निर्णय गरिदिए। प्रधानमन्त्रीको सनकको कारण प्रतिनिधिसभा आफु अनुकूल नभएर विघटन गरेका थिए। वि.स. २०७२ सालको संविधानसभा प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटनको अधिकार संविधानमा राखिएको थिएन। प्रधानमन्त्रीले यसलाई अधिकारका रूपमा स्थापित गर्न खोजेपछि सर्वोच्चले उल्टाइदिएको छ। कानूनविद पूर्णमान शाक्य भन्दछन प्रतिनिधिसभा विघटनको विषय प्रधानमन्त्रीको विशेषाधिकार होइन। प्रधानमन्त्रीले मन लागेको बेला विघटन गर्न मिल्दैन भन्ने सन्देश सर्वोच्च अदालतको आदेशमा भनिएको छ प्रधानमन्त्री खेलमैदान बाहिर पुग्नु भएको छ। संसदले सरकार दिनसक्ने अवस्था भएसम्म विघटन गर्न पाइने छैन। अधिवक्ता बद्रीराज भट्ट भन्दछन राजनीतिक स्थीरताका लागि प्रतिनिधिसभा र विशेष अधिकार बन्देज प्रधानमन्त्रीलाई लगाएको छ। राजनीतिक स्थिरताको पक्षमा निर्णय आएकाले राज्यका अंगहरू असन्तुलित हुदैन्न्। संविधानले व्यवस्था गरेको स्थिर सरकारको परिकल्पनाको फैसला सर्वोच्च सदालतले गरेको छ। आउने दिनमा प्रधानमन्त्रीहरू संविधानमा नभएको अधिकारमा दावी गर्दैनन्। यस्तो काम गर्नबाट हतोत्साहित हुन्छन। शक्तिमा हुँदा जे पनि गर्न सकिन्छ भन्ने मानसिकतालाई सर्वोच्च अदालतले निरुत्साहित गरेको छ।

अर्को अधिवक्ता रेवत खरेल भन्दछन आम नागरिकले गल्ती गरे सजाय पाउने तर सार्वजनिक पदमा बसेको व्यक्तिले गल्ती गर्दा सजाय नपाउने हो भने यसले दण्डहिनतालाई उठाउने गर्दछ। त्यसैले प्रधानमन्त्रीले यसको सजाय भोग्नुपर्छ। प्रतिनिधिसभा विघटनको निर्णय बदरसँगै नेकपा पुष ५ गते भन्दा अघिको अवस्थामा पुगेको छ। गत बुधबार दुवैतिरका नेकपाले छुटाछुट्टै बेठक बसेर परिस्थीको मूल्याङ्कन गरे। आफु निकट स्थायी कमिटी सदस्यहरूसँग परामर्शमा ओलीले भने म तत्काल राजिनामा दिदैन। सबै कुराको छिनोफानो प्रतिनिधिसभाबाटै हुन्छ। उता बुधबार चितवनमा आयोजित सभा छोडेर पुष्पकमल दहाल (प्रचण्ड) र माधव कुमार नेपालले देउवाको निवासमा पुगेका थिए। दहाल नेपालले देउवालाई भट्नु पछाडी भावी सत्ता समीकरण रहेको विश्लेषकहरू बताउछन। नेकपा औपचारीक रूपमै विभाजन भए सत्ता समीकरणमा काङ्ग्रेसको भूमिका महत्वपूर्ण रहने आकलन धेरै जसोको छ। ओली समूहमा भन्दा ११ जना बढी सांसद दहाल नेपाल समूहमा रहेका छन। त्यसैले दहाल नेपालले काङ्ग्रेसको साथ खोजिरहेका छन। सांसद आफूतिर तान्न नेकपा का दुवै समूहले सरकार आफ्नो पक्षले बनाउने दावी गरिरहेका छन। गत बुधबार भएको भेटमा देउवाले पार्टीमा छलफल गर्ने बाहेक अरू आस्वासन दहाल नेपाल समूहलाई दिएन्न्। भावी समीकरण निर्माणमा दहाल नेपाल समूहले जनता समाजवादी पार्टीको सहयोग लिनुपर्ने देखिन्छ।

# ओलीलाई हटाउने नै पहिलो एजेण्डा हो



**अजयशंकर नायक**

**केन्द्रीय सदस्य**

**नेकपा (प्रचण्ड–माधव समूह)**

ओलीले आफ्नो नैतिकता नदेखाएपछि हामीले बाध्यतावश कुनै न कुनै समीकरण बनाउनैपर्छ। ओलीले पनि अहिले लास्टै खेलिरहेको अवस्था छ। हामी समीकरणमा जानुपर्ने नै हुन्छ। लोकतन्त्र र संविधानको रक्षा गर्ने, मुर्खता नगर्ने, राष्ट्र र जनतालाई दुःख नदिने पात्र कम्तीमा ओलीभन्दा को ठिक हुन्छ, त्यो त हामीले हेर्नैपर्ने हुन्छ। कांग्रेस सभापति देउवाको विषयमा छलफलको विषय हो। एउटा सामूहिक सहमति हुनुपर्छ, जसमा जसपा, नागरिक समाज लगायतको पनि सुझाव हुनेछ।

**० संसद पुनर्स्थापनापछि नेकपा ( प्रचण्ड–माधव समूह) कसरी अगाडि बढ्दैछ ?**

– सर्वोच्च अदालतले संसद पुनर्स्थापनासँगै १३ दिनभित्र संसदको बैठक बोलाउन भनिसकेको छ र संसद आह्वानसमेत भइसकेको छ। अब हामीले निर्वाचन आयोगको निर्णयको प्रतिक्षा गरिरहेका छौं। यसमा निर्वाचन आयोग किन अलमलाइरहेको छ, त्यो उसको विषय भयो। आयोगले छिट्टै निर्णय दिएको भए प्रतिनिधिसभाभित्र हाम्रा कामहरु सहज ढंगले अगाडि बढ्छ। आयोगले निर्णय दिन ढिलाइ हुँदा केही अप्ठ्याराहरु भइरहेका छन्। हाम्रो समूहले मान्यता पाइसकेपछि सत्ता समीकरणबारे छलफल अगाडि बढ्छ। जसले प्रतिगमन निम्त्याए र उसलाई साथ दिने जोसुकैलाई हामीले बहिष्कार गर्छौं। अग्रगमनका पक्षमा रहेकाहरुमध्येबाट एउटा नेतृत्व छनौट गर्नुपर्छ।

**० फागुन २३ गते चल्ने संसदमा के हुनेछ ?**

– प्रधानमन्त्रीले त संसद भंग गरेर आफ्नो असमक्षता देखाइसक्नुभयो। अब चल्ने संसदमा उहाँले के गर्नुहुन्छ, त्यसमा भर पर्छ। पहिलो कुरा हामीले हेर्ने भनेको प्रधानमन्त्रीलाई नै हो। प्रधानमन्त्रीको कदम कस्तो हुन्छ, त्यसअनुसार प्रक्रियाहरु अगाडि बढ्छ। प्रधानमन्त्री आफ्नो कमजोरी स्वीकार गरेर आमजनतासँग माफी मागेर प्रस्तुत हुनुहुन्छ कि आफ्नो हठमै कायम रहनुहुन्छ त्यसमा भर पर्छ कि हाम्रो समूहले कस्तो एक्सन लिन्छ। यदि राजीनामा दिने मुड देखियो भने अर्कै ढंगले संसदमा प्रस्तुत हुनुपर्छ।

**० प्रधानमन्त्री ओलीले अविश्वासको प्रस्ताव लिएर आउन चेतावनी दिएको छ नि ?**

– उहाँ घेरामा पर्दै जानुभयो भने आफै त्यसरी आउनुहुन्छ भन्ने लागेको छ। अहिले पनि उहाँले सुरक्षित नै छु भनेर भ्रम छरिरहनुभएको छ। उहाँले असंवैधानिक तरिकाले संसद विघटन गर्दा कुनै पनि हालतमा संसद पुनर्स्थापना हुन सक्दैन, ढुक्क भएर चुनावमा लाग्नुस् भन्दै आउनुभएको थियो। ओली पक्षका सबै ढुक्क भएर निर्वाचनको तयारीमा लागेका थिए। त्यो नाटक थियो, उहाँको उद्देश्य चुनाव गराउने थिएन। अहिले पनि उहाँले प्रचण्ड–माधव समूहका कतिपय सांसदलाई फकाइसकेको भन्ने भ्रम दिइरहनुभएको छ। अहिले पनि उहाँहरुले के मुर्खतापूर्ण काम गर्दैछन् सबैलाई थाहा नै छ। ओली प्रवृत्ति भनेकै त्यहीं हो। सदनभित्र प्रवेश गर्ने उहाँहरुको नैतिक धरातल छ कि छैन त्यो हेर्नुभएको छैन। अहिले पनि उहाँहरु भ्रमको खेतीमै हुनुहुन्छ। उहाँहरुले किन भ्रमको खेति गरिरहनुभएको छ, सबै बुझिरहेका छन्। संविधान पालना नगर्ने पात्रको रुपमा केपी ओली भए र उहाँलाई साथ दिने अनुयायीहरु पनि त्यस्तै मुर्खतापूर्वक काम गरिरहनुभएको छ। यो दुर्भाग्यको विषय हो। ती पात्र र अनुयायीहरुले आफ्नो बोली र भाषा सच्याउन जरुरी छ। उहाँहरुसँग त्यो सदनभित्र बस्ने नैतिक धरातल छैन। जसले संविधानमाथि प्रहार गर्छ उसले प्रधानमन्त्री र राष्ट्रपति बन्नु हुँदैन।

**० संसद सुचारु भएपछि प्रधानमन्त्री ओलीलाई जसरी पनि हटाउनुपर्छ भन्ने तपाईंहरुको योजना हो ?**

– हाम्रा अध्यक्षको अभिव्यक्ति आइसकेको छ, उहाँले स्पष्टरुपमा भनिसक्नुभएको छ कि अब कुन मान्यताअनुसार केपी ओलीलाई प्रधानमन्त्रीको रुपमा स्वीकार गर्ने ? पूरै देश र जनतालाई दुःख दिइयो, सबै जनता र नागरिक समाजमा केपी ओलीको प्रतिगमनका विरुद्धमा सडकमा ओर्लिएका थिए। यति कुरा भइसक्दा पनि ओलीलाई प्रधानमन्त्रीको रुपमा स्वीकार्नु भनेको त हामीले पनि उहाँलाई प्रत्यक्ष वा अप्रत्यक्ष बल पुऱ्याउन काम हुन्छ। त्यसैले हामी अधिकतम् प्रयास गर्छौं कि केपी ओली पात्र भनेको देश र जनताको हितमा होइन, यो पात्रको विकल्प खोज्नैपर्ने हुन्छ भन्ने प्रस्ताव सबै दल सामु गरिसकेका छौं। त्यसलाई अन्य दलहरुले दाउपेचको रुपमा नलेओस् भन्ने हाम्रो पनि आह्वान हो। यसलाई हाम्रो बाध्यताको रुपमा नलेओस्, राष्ट्र र जनताको हित केमा हुन्छ, त्यतातिर सोच्नुपर्ने हो। कतिपय दलहरुले यसलाई दाउपेचको रुपमा लिइरहेको अवस्था छ।

**० तर प्रधानमन्त्री ओलीको विकल्प तपाईंहरुले ठोसरुपमा दिन सक्नुभएको छैन नि ?**

– संसद सुचारु भएपछि प्रधानमन्त्री ओलीको विकल्प देखिन्छ। हामीले नेतृत्व जेसुकै रोज्नुपर्ने भए रोज्छौं तर यो पात्र ओली संविधान रक्षा र राष्ट्र चलाउने लायक होइन रहेछ भन्ने कुरा त हामीले भोगिसक्यौं।

**० तपाईंहरुले कांग्रेस सभापति देउवालाई प्रधानमन्त्री स्वीकार्नु हुन्छ ?**

– ओलीले आफ्नो नैतिकता नदेखाएपछि हामीले बाध्यतावश कुनै न कुनै समीकरण बनाउनैपर्छ। ओलीले पनि अहिले लास्टै खेलिरहेको अवस्था छ। हामी समीकरणमा जानुपर्ने नै हुन्छ। लोकतन्त्र र संविधानको रक्षा गर्ने, मुर्खता नगर्ने, राष्ट्र र जनतालाई दुःख नदिने पात्र कम्तीमा ओलीभन्दा को ठिक हुन्छ, त्यो त हामीले हेर्नैपर्ने हुन्छ। कांग्रेस सभापति देउवाको विषयमा छलफलको विषय हो। एउटा सामूहिक सहमति हुनुपर्छ, जसमा जसपा, नागरिक समाज लगायतको पनि सुझाव हुनेछ।

**० तपाईंहरुको समूहलाई कांग्रेस र जसपाले पहिला आफ्नो पार्टी कुन हो भनेर स्पष्ट पार्न भनेका छन् नि ?**

– त्यसका लागि हामी पनि अहिले निर्वाचन आयोगको निर्णयको प्रतिक्षा गरिरहेका छौं। ओलीको मनोविज्ञानमा कता–कता आयोग पनि अलमलाइरहेको छ। सबैलाई शंका लागिरहेको छ कि निर्वाचन आयोग किन त्यतिको ढिलाइ गरिरहेको छ। जसरी सर्वोच्च अदालतप्रति मान्छेहरुको शंका थियो तर संविधानअनुसार फैसला गरेर सबैलाई खुसी पाऱ्यो। त्यस्तै निर्वाचन आयोगले पनि कानून सम्मत तरिकाले निर्णय दिनुपऱ्यो। निर्वाचन आयोग ओलीको मनोविज्ञानमा अलमलिएको जस्तो देखिन्छ।

**० निर्वाचन आयोगले निर्णय दिन ढिलाइ गर्नुको कारण के होला ?**

– अहिले प्रधानमन्त्री ओलीको प्रभावका कारण निर्वाचन आयोग अलमलाइरहेको होला। नियम कानूनअनुसार आयोगले निर्णय ठोकिदियो भने भइहाल्यो नि त। तर आयोग जस्तो संवैधानिक निकाय पनि सत्ताको प्रभावमा परेको जस्तो देखिएको छ।

**० नेकपा पनि तपाईंहरुसँग रहने कि नरहने भन्ने आशंका छ, पार्टीको नाममै विवाद छ र यो अहिले अदालतमा विचाराधिन छ नि ?**

– षड्यन्त्रका विभिन्न प्रपञ्चहरु मात्र हो। ऋषि कटेलको नेकपा र हाम्रो नेकपामा फरक छ। नेकपा नाममा कुनै विवादै छैन। नामको विषयमा कुनै पनि समस्या छैन। यदि नामको विषयमा अदालतबाट कुनै फैसला आयो भने हामीले त्यसमा केही हेरफेर वा परिवर्तन गरेर जान सक्छौं। त्यसैले यसमा धेरै बहस गर्नुपर्ने आवश्यकता छैन। हामीले ढुक्क छौं। तर, निर्वाचन आयोगले आधिकारिकताको सवालमा ढिलाई गर्दा मुलुक झन् अनिर्णयको बन्दी बन्दै गइरहेको छ। यसमा आयोगले पहिला निर्णय दिनुपऱ्यो।

**० जसपाको सुरुदेखि नै विभिन्न एजेन्डाहरु छन्, ती पूरा हुने ठोस आधार भएपछि मात्रै तपाईंहरुलाई सहयोग गर्ने कुराहरु छ, प्रचण्ड–माधव समूह जसपाको मागप्रति सकारात्मक छ त ?**

– जसपाको मागप्रति अहिले छलफल भएको छैन। तर जसपाको मागमा केही न केही सहमति भएर नै सहकार्यको वातावरण बन्छ। तत्कालीन मधेशवादी दलहरुले उठाउँदै आएको मागहरु सम्बोधन गर्न हाम्रो पक्ष त जहिले पनि तयार नै छ। जनताको मागको धरातलमा टेकेर सम्बोधन गर्ने पक्षमा हामी पहिला पनि थियौं तर कसले गर्न दिएन भन्ने कुरा सबैले हेरेकै हुन्। अहिले पनि उहाँहरुको मागप्रति हाम्रो सकारात्मक धारणा नै छ। उहाँको मागको बारे सबैसँग सहमतिको विषय हो। सहमतिका साझा विषय बन्न सक्छ। जसपाका चारवटा मुद्दा म कानूनमन्त्री हुँदा संसदमा टेबुल गरेको थिएँ। भाषा, नागरिकता लगायतका विषयहरु पहिला पनि हामीले संविधान संशोधनका पेश गरेको थिएँ। विगतमा पनि केही अभ्यासहरु भएका छन्। अहिले पनि केही विषयहरुमा साझा सहमति बन्यो भने संविधानमा संशोधन गर्न केही गाह्रो हुँदैन। हामीले देश र जनताको हितमा हुने जहिले काम गर्ने प्रतिबद्धता गर्दै आएका छौं।

# प्रधानमन्त्री ओलीको बहिर्गमनमा जसपाले सहयोग गर्छ

अहिलेको नेकपाको नेतृत्व असफल भइसकेको कारणले यो संकट निम्तिएको हो। त्यसैले सबैभन्दा दोषी नेकपाको नेतृत्व हो। तर यो परिस्थितिलाई हामीले सामना गर्नैपर्छ। प्रधानमन्त्री ओलीको जुन अराजक शैली छ, मार्ग प्रशस्त गरिरहनुभएको छैन, यसले के देखाउँछ भने विधि व्यवस्था हामीले लोकतान्त्रिक ल्यायौं तर आचरण त्यो लायकको भएको छैन। त्यस किसिमको नेतृत्व निर्माण गर्न सकेनौं, त्यसैले यो संकट देखिएको हो। त्यसले गर्दा यो आचरणसँग सम्बन्धित विषय पनि हो।



**डा.सुरेन्द्र झा**

**केन्द्रीय कार्यकारिणी समिति सदस्य**

**जनता समाजवादी पार्टी नेपाल**

**० नयाँ बन्ने सत्ता समीकरणमा जसपाको स्टेण्ड के हो ?**

– सम्मानित सर्वोच्च अदालतले संसद पुनर्स्थापना गर्ने गरेको निर्णय स्वागतयोग्य हो, संविधानको मर्मअनुरुप नै यो निर्णय आएको छ। जहाँसम्म जसपाको स्टेण्डको कुरा छ, जसपा आफ्नै मुद्दा र एजेन्डाका साथ स्वतन्त्र ढंगले विचार राख्दै आएको छ। हामीले यो संविधान त्रुटिपूर्ण छ भनेर भन्दै आएका थियौं, यो प्रमाणित पनि हुँदै आएको छ। अहिले नेकपाका कारण यो समस्या आएको छ। अहिले नेकपा एउटै छ, संसदीय दल पनि एउटै छ। त्यसैले अहिलेको समस्याको समाधान नेकपासँगै छ। प्रधानमन्त्री केपी ओलीको कदमलाई सर्वोच्च अदालतले उल्टाइदिएको छ, त्यसैले उहाँले स्वतः राजीनामा गरेर मार्ग प्रशस्त गर्नुपर्ने हो। तर त्यसअनुरुपको उहाँको चरित्र छैन। प्रचण्ड–माधव समूहले प्रधानमन्त्रीबाट ओलीलाई हटाउनका लागि अविश्वासको प्रस्ताव लिएर आउनुपर्छ। त्यसलाई पारित गर्ने सन्दर्भमा सहकार्य गर्न सक्छ। त्यतिबेला जसपाको आवश्यकता हुन सक्छ। हामी कसैको पक्षमा छैनौं, संसदभित्र हाम्रो उपयोगिता जहाँ हुन्छ, त्यसमा हामी अगाडि बढ्छौं। अहिलेको सन्दर्भमा प्रधानमन्त्री ओलीको निरन्तरताका लागि अब उहाँसँग नैतिक बल छैन, उहाँले वैधानिकता गुमाइसक्नुभएको छ। त्यसैले उहाँको बहिर्गमनमा हाम्रो सहयोग रहन्छ।

**० भनेपछि जसपाको झुकाव माधव–प्रचण्ड समूहतर्फ छ ?**

– प्रधानमन्त्री ओलीलाई हटाउने सन्दर्भमा जसपाको उपयोगिता देखियो भने साथ दिनसक्छ। यसको मतलब हामी माधव–प्रचण्ड समूहतर्फ छौं भन्ने होइन। सिंगो नेकपा नै असफल भएको छ, नेकपाले जनमतको अपमान गऱ्यो। हामी आफ्ना माग र मुद्दा सम्बोधन गराउनका लागि बेला–बेलामा सबैसँग सहकार्य र सहमति पनि गऱ्यौं तर हाम्रा एजेन्डाहरु त जहाँको त्यहीं छन्। त्यसैले प्रधानमन्त्री बहिर्गमनको सन्दर्भमा हाम्रो एकमत हुनसक्छ।

**० प्रधानमन्त्री ओलीको विकल्पमा कसलाई देख्नुहुन्छ ?**

– प्रधानमन्त्री ओलीको तीन वर्षे कार्यकाललाई हेर्दा पूर्णतया असफल भयो। भ्रष्टाचारै–भ्रष्टाचारको काण्डमा यो सरकार मुछियो। यो सरकारले पाँच/छ पटक मन्त्रिपरिषद् पुनर्गठन गऱ्यो तर पनि सरकारको कामले गति लिन सकेन। प्रधानमन्त्री ओलीले हठात् प्रतिनिधिसभा विघटन गरिदिनुभयो र सर्वोच्च अदालतले त्यसलाई बदर गऱ्यो। भनेपछि उहाँमा रत्तिभर पनि नैतिकता भएको भए राजीनामा गरिदिनुपर्दथ्यो। तर उहाँले गर्नुभएन। यस्तो स्वेच्छाचारी व्यक्तिलाई राष्ट्रको कार्यकारी प्रमुखको रुपमा राख्दा त्यसले राम्रो परिणाम ल्याउँदैन। केपी ओली नेतृत्वको सरकार पूर्णतया असफल भइसकेको सन्दर्भमा उहाँको बहिर्गमन आवश्यक छ। अब उहाँको विकल्पमा को भन्ने सन्दर्भमा जब नेकपा विधिवत्रुपमा विभाजन भएर दुईटा पार्टीको रुपमा आउँछ, त्यसपछि संसदले निर्णय गर्ने हो। पटक–पटक प्रधानमन्त्री भइसकेका मान्छेहरु, टेस्टेड मान्छेहरु, उमेर सीमा समाप्त भइसकेका मान्छेहरुलाई फेरि त्यो ठाउँमा राखेर हामी अगाडि बढ्नु भनेको मुलुकलाई यथास्थितिमै राख्नु हो। त्यसैले नयाँ अनुहार आउनुपऱ्यो, नयाँ किसिमले जानुपऱ्यो।

**० आगामी प्रधानमन्त्रीका लागि जसपाका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईको पनि चर्चा भइरहेको छ, जसपाभित्र यसबारे के धारणा छ ?**

– अहिले राजनीति त्यस चरणमा प्रवेश गरेको छैन। हाम्रो पार्टीभित्र प्रधानमन्त्री बन्न सक्ने नेतृत्वहरुको कमी छैन। त्यसमध्ये हाम्रा संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईज्यू पनि हुनुहुन्छ, त्यस्तै महन्थ ठाकुर, उपेन्द्र यादव, राजेन्द्र महतो लगायत धेरै नेताहरु हुनुहुन्छ। जसलाई गणपरक संख्याको समर्थन भयो भने देशलाई उहाँहरुले हाँक्न सक्नु हुन्छ। नेतृत्वको कमी छैन जनता समाजवादी पार्टीमा। तर अहिलेको गणितीय हिसावले हाम्रो पार्टी निर्णायक ठाउँमा छैन। अहिलेसम्म जसपालाई प्रधानमन्त्रीका लागि औपचारिक प्रस्ताव आएको छैन, अनौपचारिक छलफलहरु मात्रै भइरहेका छन्। अहिले भइरहेको छलफल भनेको खासगरी प्रधानमन्त्री केपी शर्मा ओलीको बहिर्गमन र नयाँ सरकार निर्माणसँग सम्बन्धित छ।

**० ठूला दलहरुबीच यदि सहमति जुटेन र जसपालाई नै प्रधानमन्त्री दिने अवस्था आयो भने तपाईंहरुले उठाउँदै आउनुभएको एजेन्डाहरु सम्बोधन गराउनु हुन्छ ?**

– यसमा राजनीतिक सहमतिको खाँचो छ। नेकपा असफल भइसक्यो भन्दै गर्दा पनि उहाँहरुसँग जनसमर्थन त छ। अहिलेको प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल नेकपा नै हो। हामी आफ्नो एजेन्डा र मुद्दाको अगुवाई गरिरहेका छौं। संघीयता, पूर्ण समानुपातिक समावेशिता, राज्यका अंगहरुमा सबै नागरिकले समान अवसर पाउनुपर्छ, नेपाललाई बहुराष्ट्रिय राज्यमा रुपान्तरण गर्नुपर्छ। सोहीअनुसारको राज्यमा परिवर्तन ल्याउनुपर्छ भन्ने हाम्रो माग हो। हाम्रा निर्वाचित सांसद जेलमा छन्, प्रदेश २ का मन्त्रीहरुमाथि मुद्दा लगाइएका छन्। त्यसैले यी विषयहरु हामीले सम्बोधन गर्नुपर्ने हो। यो संविधान त्रुटिपूर्ण छ भन्ने कुरो साबित भएको छ। संसदभित्र नै यो ६३ प्रतिशत मत संविधान संशोधनको पक्षमा जाहेर भइसकेको छ। त्यसैले जुनसुकै राजनीतिक दलसँग आगामी दिनमा सहकार्यको कुरा आउँछ भने हाम्रा यी मुद्दाहरु प्रवेश हुन्छ।

**० जसपाले अब कुन आधारलाई टेकेर सरकारमा जान्छ ?**

– अब हामीले फगत सहमतिका लागि एक थान सहमति गरेर सरकारमा जाने होइन। सरकारमा जाने सन्दर्भमा प्रथम कुरो त संविधान संशोधनको सवालमा संसदभित्र रहेका राजनीतिक शक्तिहरुको बीचमा एक प्रकारको सहमति र कार्यगत एकता हुन आवश्यक छ। त्यस्तो प्रकारको सहमति हुन सक्यो भने मात्रै हामी सरकारमा जान्छौं। अर्को कुरा गणपुरक संख्याले त्यो सहमतिलाई प्रतिनिधिसभाबाट पास पनि गर्नुपर्दछ। त्यसैले सहमतिका लागि सहमति गरेर सरकारमा जाने हाम्रो लक्ष्य होइन। सरकार हाम्रो प्राथमिकताको विषय होइन तर सरकार निर्माणको सन्दर्भमा हाम्रो उपयोगिता आवश्यक पऱ्यो भने हामी सहयोग गर्छौं। किनभने विगतको इतिहास हेर्दा ६ महिनासम्म सरकार बन्न सकेन। मुलुकलाई लोकतान्त्रिक व्यवस्थाअनुसार अगाडि बढाउनका लागि सरकारको आवश्यकता हुन्छ। अहिलेको प्रधानमन्त्रीले विश्वसनीयता गुमाइसक्नुभएको छ, उहाँको क्रियाकलाप आपत्तिजनक भइसकेको छ। त्यसैले दोस्रो चरणमा राजनीति प्रवेश गऱ्यो भने जसपाले ठोस र मूर्तरुपले तत्काल गर्न सकिने कार्य तत्काल गर्न लगाउँछौं। त्यसपछि मात्रै हामी सहकार्यको यात्रामा अगाडि बढ्छौं। कर्मकाण्डी सहमति गरेर हामी सरकारमा जानु हुँदैन, सरकारमा जाने हाम्रो अभिष्ट पनि होइन। हाम्रा आन्दोलनका मुद्दाहरु सार्थकरुपले सम्बोधन गरी मात्रै हामी अगाडि बढ्नुपर्छ।

**० संसद पुनर्स्थापनापछि मुलुकमा निकासको साटो राजनीतिक संकट झन् गहिरिँदै गएको छ ?**

– जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरज्यूले सबैभन्दा पहिला यो विषय उठाउनुभएको थियो कि परिस्थिति यस्तो निर्माण हुँदैछ कि प्रधानमन्त्रीले चालेको कदमलाई सर्वोच्चले बदर गरिदिए पनि समस्या समाधान हुँदैन अथवा सदर गरिदिएपनि समस्या गहिरिँदै जानेछ। तर पनि यो मुद्दा सर्वोच्चमा छ, सर्वोच्चले दिएको फैसला स्वीकार गर्छौं। आज त्यहीं कुरो सावित भएको छ। निश्चितरुपले नेपाली जनताले मुलुकमा स्थायित्वको नाममा पाँच वर्ष सरकार सञ्चालन गर्ने गरी अपार जनमत दिएर पठायो। त्यसमा नेकपा पूर्णतया असफल भइसकेको अवस्था छ। अहिलेको नेकपाको नेतृत्व असफल भइसकेको कारणले यो संकट निम्तिएको हो। त्यसैले सबैभन्दा दोषी नेकपाको नेतृत्व हो। तर यो परिस्थितिलाई हामीले सामना गर्नैपर्छ। प्रधानमन्त्री ओलीको जुन अराजक शैली छ, मार्ग प्रशस्त गरिरहनुभएको छैन, यसले के देखाउँछ भने विधि व्यवस्था हामीले लोकतान्त्रिक ल्यायौं तर आचरण त्यो लायकको भएको छैन। त्यस किसिमको नेतृत्व निर्माण गर्न सकेनौं, त्यसैले यो संकट देखिएको हो। त्यसले गर्दा यो आचरणसँग सम्बन्धित विषय पनि हो। हामी जस्तोसुकै राम्रो संविधान निर्माण गरेपनि नेतृत्वले लोकतान्त्रिक मूल्य र मान्यताअनुसारको आचरण निर्माण गर्न सकेन भने त्यसले प्रतिफल दिन सक्दैन। दलहरुभित्रको आन्तरिक लोकतन्त्र एकदमै कमजोर अवस्थामा छ। त्यो किसिमको लाकेतान्त्रिक अभ्यासहरु आन्तरिकरुपमा गर्नुपर्दछ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# राष्ट्रिय परिचयपत्र बनाउन धनुषा प्रशासन कार्यालयमा भीड

जनकपुरधाम । नागरिकको वैयक्तिक तथा जैविक विवरण समावेश गरिएको राष्ट्रिय परिचयपत्र बनाउने कार्यक्रम देशभर चलिरहेको छ । अन्य जिल्लामा जस्तै धनुषास्थित जिल्ला प्रशासन कार्यालयमा पनि राष्ट्रिय परिचयपत्र बनाउन आउने सर्वसाधारणको भीड बढ्न थालेको छ । यो परिचयपत्रमा नागरिकका विस्तृत विवरण रहने भएकाले देशमा अपराध नियन्त्रण तथा मतदान जस्ता कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला बताउँछन् । धनुषामा दैनिक करिब ५० जनासम्म राष्ट्रिय परिचयपत्रका लागि फारम भर्न आउने गरेको पनि जिल्ला प्रशासन कार्यालयले जनाएको छ । प्रत्येक व्यक्तिलाई फरक-फरक रूपमा उपलब्ध गराइने सांकेतिक अंक राष्ट्रिय परिचयपत्रमा राख्ने गरिन्छ । राष्ट्रिय परिचयपत्रमा नागरिकता, विवाह दर्ता, शैक्षिक योग्यता, लाइसेन्सलगायतका विवरणहरू राख्ने व्यवस्था रहेको धनुषाकी राष्ट्रिय परिचयपत्र इन्चार्ज संगीता चौधरीले जानकारी दिईन् । परिचयपत्र बनाउने क्रममा १० वटै औंलाका छाप तथा आँखाका रेटिना स्क्यान, डिजटल हस्ताक्षरलगायत पक्रिया पूरा गर्नु पर्छ । दश अंकको व्यक्तिगत परिचय नम्बर रहने यो परिचयपत्रमा एउटा चिप्स पनि राखिएको हुन्छ । जसमा सबै विवरण समावेश गरिन्छ । १६ वर्ष उमेर पूरा भएका हरेक नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र दिने व्यवस्था सरकारले गरेको छ । यो परिचयपत्र बनाउन सर्वसाधारणले कुनै दस्तुर तिर्नुपर्दैन ।




राष्ट्रिय परिचयपत्रबाट नागरिकलाई फाइदा के ?

राष्ट्रिय परिचयपत्र नागरिकहरूको वैयक्तिक तथा जैविक विवरण समावेश भएको राष्ट्रिय पहिचानसहितको बायोमेट्रिक सुविधायुक्त बहुउपयोगी प्रमाणपत्र हो । यो परिचयपत्रमा व्यक्तिगत घटनाहरू जस्तै जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेदसहितका विवरण एकीकृत रूपमा समावेश गरिएको हुन्छ । यो परिचयपत्र मतदाता गर्न, सार्वजनिक सेवाहरू प्राप्त गर्नलगायतका कार्यका लागि उपयोग गरिनेछ । त्यति मात्र होइन अरु सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आबद्ध गरिएपछि सार्वजनिक सेवा प्रदायकले निकायहरू झन्झटरहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ । नेपाली नागरिकहरूका खास सूचना अहिलेसम्म सरकारसँग नभएकाले नागरिकका सूचना व्यवस्थित गर्ने प्रक्रियाका रूपमा पनि राष्ट्रिय परिचय पत्रलाई लिने गरिएको छ । हुन त अहिले नागरिकताले नै कुनै व्यक्तिको आधारभूत पहिचान र राजनीतिक हैसियत दिएको छ । यद्यपि, व्यक्तिको पहिचानका लागि राष्ट्रिय परिचयपत्र पनि कायम हुनेछ । तर, मतदानका लागि केही समय नागरिकतालाई समेत निरन्तरता दिइनेछ । यसबाहेक अन्य सेवा सुविधा लिन, बैंकमा खाता खोल्न, सिमकार्ड खरिद गर्नलगायत प्रयोजनका लागि नागरिकता बोक्नुपर्ने बाध्यताक अन्त्य हुनेछ । अबको २ वर्षभित्र देशका सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने सरकारको लक्ष्य छ । नेपाल सरकारको २०६७ साल असार १६ को निर्णयानुसार राष्ट्रिय परिचय पत्र बनाउने कार्य देशभर जारी रहेको हो ।



# स्कुल जान थाले मुसहर समुदायका बालबालिका

सिराहा । हरेक दृष्टिकोणले अति पिछडिएको हरवा चरवा मुसहर समुदायका बालबालिकामा पछिल्लो समय शिक्षाप्रति आकर्षण बढ्न थालेको छ । केही वर्षअघिसम्म अत्यन्त न्यून सङ्ख्यामा मात्र मुसहर बालबालिका विद्यालय जाने गरेकामा पछिल्लो समय ती समुदायबाट विद्यालय जाने बालबालिकाको सङ्ख्या उत्साहजनकरूपमा बढ्दै गएको पाइएको छ ।

हरवाचरवा र मुसहर समुदायको उल्लेख्य बसोबास रहेको सप्तरीको शम्भुनाथ नगरपालिका-२ कनकपट्टी, वडा नं ३ डङगराही र ५ स्थित मोहनपुरका मुसहर बालबालिका अचेल नियमित विद्यालय जान थालेका छन् । सो नगरपालिकाका हरवाचरवा परिवारका बालबालिकालाई लक्षित गरी श्रीपुराज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको शैक्षिक अभियानअन्तर्गत निःशुल्क बाल कक्षा सञ्चालन गरेपछि विद्यालय जाने बालबालिकाको सङ्ख्या बढ्दै गएको हो । विगत दुई वर्षदेखि ती वडाहरूबाट हरवाचरवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको सङ्ख्या जम्मा १२ थियो तर सो संस्थाले द फ्रिडम फन्डको सहयोगमा ‘सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवाको सशक्तिकरण कार्यक्रम’ अन्तर्गत जनचेतना अभियान, अभिभावक भेला तथा निःशुल्क बाल कक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको सङ्ख्या १४० भन्दा बढी पुगेको हरवाचरवा शम्भुनाथ नगर बाल क्लबका अर्जुन सदा बताउँछन् ।

पहिला पहिला हरवाचरवा मुसहर परिवारका बालबालिका पढाइभन्दा खेलकूदमै दिन बिताउने गरेका थिए तर गाउँमै निःशुल्क बाल कक्षा सञ्चालनमा आएपछि विस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन् । अर्जुनले भने, "केही वर्षअघिसम्म विद्यालयहरूमा हरवाचरवा मुसहर परिवारका बालबालिका न्यून सङ्ख्यामा मात्र भेट्थ्यो, अहिले विस्तारै विद्यालय जानेको सङ्ख्या बढ्न थालेको छ ।" केही वर्षअघि सम्म हरवाचरवा परिवारमा शिक्षाको महत्व थाहा नभएर होला एक त हरवाचरवा परिवारका बालबालिका विद्यालय जान रुचाइरहेका थिएन भने अभिभावकहरू पनि विद्यार्थीलाई विद्यालय पठाउन चाहिरहेको थिएन । मोहनपुरका अरहुलिया सदाले भन्नुभयो, "हाल मुसहर परिवारको बालबालिका पनि विद्यालय जान थालेका छन् । अभिभावकहरूमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको छ । कुनै बेला आफूलाई पढ्न रहर हुँदाहुँदै पनि बाल्यकालमै अभिभावकले विवाह गरिदिएको सम्झिदै अरहुलियाले थपे, "अहिले त्यस्तो अवस्था विस्तारै हट्दै गएको छ ।" हरवाचरवा मुसहर परिवारका अभिभावकहरू पनि जिम्मेवार बन्दै गएको उनी सुनाउँछन् ।

हरवाचरवा परिवारमा शिक्षाको अवस्था अत्यन्तै नाजुक देखिएपछि संस्थाले शम्भुनाथ नगरपालिका-२, ३ र ५ मा सञ्चालन गरेको निःशुल्क बाल शिक्षा कार्यक्रममा अहिले हरवाचरवा र मुसहर समुदायका १४० जनाभन्दा बढी बालबालिका नियमितरूपमा अध्ययन गर्नका लागि आउने गरेको श्रीपुराज सामुदायिक केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरीले बताए । तीमध्ये १०५ जना बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुर्याई सकिएको उनको भनाइ छ । विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाका तर्फबाट शैक्षिक सामग्री र स्कूल ब्यागसमेत निःशुल्क उपलब्ध गराएको छ । विद्यालयबाहिर रहेका बालबालिकाका लागि हाल तीनजना दक्ष शिक्षिका र एक दर्जन स्वयंसेवक परिचालित गरेर नौमहिने बाल शिक्षा प्रदान गरिरहेको र क्रमिकरूपमा विद्यालय भर्ना गराउँदै लगेको श्रीपुर्रा सामुदायिक विकास केन्द्रका अध्यक्ष सुखीलाल चौधरीको कथन छ ।

# प्रदेश २ का ८० विद्यालयमा नर्स रहने

जनकपुरधाम । प्रदेश २ सरकारले प्रदेशका विभिन्न ८० वटा विद्यालयमा विद्यालय नर्स राख्ने भएको छ। सामाजिक विकास मन्त्रालयले प्रदेशको शिक्षालाई महिलामैत्री तथा मुख्यमन्त्री ‘बेटी पढाउ बेटी बचाउ’ अभियानलाई अझ सार्थक बनाउन माध्यमिक विद्यालयहरूमा विद्यालय नर्स राख्ने तयारी गरेको हो। विद्यालय नर्स भर्नाका लागि सामाजिक विकास मन्त्रालयले ५ फागुनमै सूचना आह्वान गरिसकेको छ। चालू आर्थिक वर्षमा प्रत्येक जिल्लाबाट १० वटाको दरले माध्यमिक विद्यालय छनोट गरी त्यसमा विद्यालय नर्स राखिने सामाजिक विकास मन्त्रालयका कानुन अधिकृत अजित केशरीले जानकारी दिए।

दलित, मुस्लिम तथा समाजमा पछाडि पारिएका समुदायका छात्राको संख्या र भौतिक संरचनालाई आधार बनाएर कार्यक्रमका लागि विद्यालयहरू छनोट गरिने उनले बताए। विद्यालयबाटै बालबालिकालाई स्वास्थ्य तथा पोषण सम्बधमा सचेत गराउने, स्वस्थ, सफा, तथा सिकाइमैत्री वातावरण तयार गरिने, किशोर-किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्यको बारेमा जानकारी गराइने तथा विद्यालयमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा दिने उद्देश्यले यस्तो कार्यक्रम तयार गरिएको अधिकृत केशरीले बताए।

त्यसैगरी, विद्यालयमा नर्स भएको खण्डमा विद्यालयमा रहेको वेलामा विद्यार्थीमा एक्कासि हुन सक्ने स्वास्थ्यसम्बन्धी समस्याको प्राथमिक उपचारका लागि सजिलो हुने उनले बताए। यौन तथा प्रजनन स्वास्थ्य, लैंगिक हिंसा, बालहिंसालगायतका विषयमा नर्सबाटै अध्ययन गराएको खण्डमा किशोरीहरू खुलेर कुरा गर्न सक्ने भएकाले पनि यो निर्णयमा पुगेको उनको भनाइ छ। महिनावारीको वेलामा किशोरीहरू हप्तौंसम्म विद्यालय नआउनेजस्ता समस्या रहेकाले यस्ता कार्यक्रमले ती समस्या केही हदसम्म समाधान हुने उनले बताए।

## मधेश अपडेट

### अन्तिम विकल्प विद्रोह : राजेन्द्र महतो

कैलाली । जनता समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले अधिकार माग्दा अपराधको बिल्ला भिराइन्छ भने अन्तिम विकल्प विद्रोह नै रहेको बताएका छन् । कैलालीमा शनिबार थारुहट थारुवान राष्ट्रिय मोर्चाद्वारा आयोजित थारुहट थारुवान राष्ट्रिय सम्मेलनमा सम्बोधन गर्दै नेता महतोले सो कुरा बताएका हुन् । उनले अधिकारका लागि यो देशमा अन्तिम लडाई लड्न बाँकी रहेको बताउँदै थारु समुदायले अधिकार माग्दा अपराधको बिल्ला भिराइन्छ भने अन्तिम विकल्प विद्रोह नै रहेको बताए । अधिकार र पहिचानका लागि आन्दोलन गर्ने रेशमलाल चौधरी र लक्ष्मण थारुलाई कारागार बसाउनु अन्याय भएको नेता महतोले बताए ।

### कांग्रेस कसैसँग सहकार्य गर्दैन : नेता साउद

धनगढी । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एनपी साउदले संविधान र लोकतन्त्रलाई सर्वोपरी राखेर मात्रै पार्टीले संसदीय प्रक्रियामा सहभागिताका बारेमा निर्णय गर्ने बताएका छन् । नेपाल प्रेस युनियन कैलालीले आइतबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा साउदले व्यक्तिगत रुपमा कांग्रेसले कसैसँग सहकार्य नगर्ने बताए । ‘व्यक्तिगत रुपमा हामी ओली, प्रचण्ड कसैसँग सहकार्य गर्दैनौं । उहाँहरुको पार्टी विभाजन हुने हो भने नीति, कार्यक्रम र योजना भएको पार्टीसँग हाम्रो सहमति हुन्छ’ साउदले भने,‘कांग्रेसले मुलुकको संविधान, प्रजातन्त्र सर्वोपरी राखेरमात्रै निर्णय गर्छ।’ अहिले कांग्रेस सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी ( नेकपा) का गतिविधिहरु नियालिरहेको भन्दै साउदले नेकपाका दुवै पक्षबाट पटक-पटक सत्ता साझेदारीको प्रस्ताव आए पनि कांग्रेसका लागि प्रधानमन्त्री पद महत्वपूर्ण नभएको स्पस्ट पारे । उनले नेकपाको विवाद टुंगो नलाग्दासम्म कांग्रेस सरकारमा नजाने र एक समूहसँग नजिक तथा अर्को समूहसँग टाढा नहुने पनि बताए ।

### बर्थिङ सेन्टर स्थापनापछि महिला खुशी

पर्सा । हिजोसम्म बर्थिङ सेन्टरको अभावमा पश्चिमी पर्साका सुत्केरी अभाव र प्रश्रव पीडा खेपी रहेकामा अब आफ्नै गाउँमा बर्थिङ सेन्टर स्थापना भएपछि छिपहरमाई गाउँपालिकाका महिलामा खुशी छाएको छ । सुत्केरी गराउन भारतको बेतिया, मोतिहारी, रक्सौलको डंकन अस्पताल तथा वीरगञ्जका अस्पतालमा जानुपर्ने बाध्यता रहेकामा अब यहाँका महिला आफ्नै गाउँघरमा बर्थिङ सेन्टर स्थापना भएपछि सुरक्षित तरिकाले सुत्केरी गराउन पाउँदा खुशी भएको वडा नं २ भेरिहर्वाका कमल दासको भनाइ छ । बर्थिङ सेन्टरको अभावमा सुत्केरी ब्यथाबाट छटपटाइरहेका सुदूर ग्रामीण क्षेत्रका महिलालाई अन्यत्र जानुपर्ने बाध्यताका कारण ज्यानसमेत गुमाउनुपर्ने अवस्था रहेकामा अब गाउँमै बर्थिङ सेन्टर स्थापना भएपछि ९० प्रतिशत महिला यो समस्याबाट निदान पाएको वडा नं ५ का वडाध्यक्ष केदार सहनी बताए । योसमेत गरी वडा नं ३ जयमङ्गलपुर, वडा नं ४ तुल्सी बर्वा र वडा नं २ टिहुकी सेढा गरी सो गाउँपालिकामा तीन बर्थिङ सेन्टर रहेका छन्। उक्त बर्थिङ सेन्टरमा प्रतिमहिना २५ देखि ३० जनासुत्केरी गराउन आउने गरेका बताइएको छ ।

### यातायात कार्यालयबाट १५ बिचौलिया समातिए

जनकपुरधाम । यातायात कार्यालय धनुषाबाट बुधबार १५ जना दलाल (बिचौलिया) लाई प्रहरीले पक्राउ गरेको छ। जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १४ स्थित रहेको यातायात कार्यालयबाट दिउँसो १५ समातिएका धनुषा प्रहरी उपरीक्षक प्रकाश रानाभाटले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पक्राउ गरिएका १५ जनलाई शंकाका आधारमा पक्राउ गरिएको हो । उनीहरुलाई सर्वसाधारणसँग पैसा लिएको आरोपमा पक्राउ गरिएको हो । यातायात कार्यालयमा जानेबाटै रकम लिएर भित्रैबाट काम गराइदिन सक्रिय रहेको उनीहरूमाथि आरोप छ । यातायात कार्यालयमा बिचौलियाबिना काम नै नहुने र कर्मचारीले पनि काम नै नगरिदिनेजस्ता व्यापाक जनगुनासो बढेपछि सिभिलमा गएका प्रहरीले शंकास्पद उनीहरुलाई पक्राउ गरेका प्रहरी उपरीक्षक रानाभाटले बताए । उनीहरुमाथि अनुसन्धान जारी राख्दै दोषी देखिए कारबाही प्रक्रिया बढाउने  प्रहरीले जनाएको छ ।

### आलमलाई छुटाउने प्रयास गर्ने आश्वासन

रौतहट । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पूर्वसांसद मोहम्मद आफताब आलमको मुद्दा अहिले अदालती प्रक्रियामा रहेकाले प्रक्रियाबाटै उनलाई छुटाउन आफू प्रयासरत रहेको बताएका छन् । गढीमाई नगरपालिकाद्वारा गढीमाई नगरपालिका -६ सिंगारमनमा आयोजित विष्णु महायज्ञको उद्घाटन गर्दै पूर्वप्रधानमन्त्री देउवाले इँटाभट्टामा जिउँदै मानिस जलाएर मारेको अभियोगमा कारागारमा रहेका निलम्बित सांसद आलमलाई रिहा गराउन आफूले पहल गरिरहेको जानकारी दिए । अर्को प्रसङ्गमा उनले देशबाट अहिले कोरोना पूर्णरुपमा समाप्त नभएकाले विज्ञको सल्लाहअनुसार अनिवार्य मास्कको प्रयोग गर्न र सामाजिक दूरी कायम राख्न सबैलाई आग्रह गरे । पूर्वप्रधानमन्त्री देउवालाई नगर प्रमुख श्यामबाबु यादवलगायतले स्वागत गरेका थिए । महायज्ञ एक सातासम्म चल्ने जनाइएको छ ।

### बजेटमा सुझाव नसमेटिएको गुनासो

वीरगञ्ज । पर्सा, बारा र रौतहटका उद्योगी व्यवसायीहरुले बजेट बनाउनुपूर्व वर्षेनी हुने अन्तरक्रिया खासै प्रभावकारी नहुने गरेको बताएका छन्। विभिन्न समितिहरुले आएर सुझाव संकलन गरेर लैजाने गरेको भए पनि बजेट, नीति तथा कार्यक्रहरु बनाउँदा खासै समावेश नहुने गरेको उनीहरुको भनाइ छ। नेपाल सरकार राजस्व परामर्श समितिले वीरगञ्जमा आयोजना गरेको कार्यक्रममा बोल्दै उनीहरुले समितिले लिने सुझावहरु पनि त्यसै हुनेमा आशंका व्यक्त गरे। आगामी आर्थिक वर्ष ०७८/७९ को राजश्व नीति सम्बन्धमा समितिले पर्सा, बारा र रौतहटका उद्योगी व्यवसायीहरुसँग वीरगञ्जमा छलफल गरेको थियो । वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष अशोक वैद्यले ४० वर्षदेखि सरकारका विभिन्न समितिलाई सुझाव दिने गरेको भए पनि उपलब्धिमुलक नभएको स्मरण गराउँदैसाथै, आत्मनिर्भर उद्योगहरुलाई राष्ट्रिय उद्योग घोषणा गर्नुपर्ने माग गरे । उद्योग वाणिज्य महासंघ प्रदेश २ का अध्यक्ष गणेश लाठले न्यून विजकीकरणमा खुलेर बहस हुन आवश्यक रहेको बताए । कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले उद्योग व्यवसाय फस्टाउन थालेपछि अतिरिक्त कर लगाउने परिपाटीको अन्त्य हुनुपर्नेमा जोड दिए । समान आयातका क्रममा भारततर्फ हुने अनावश्यक खर्च घटाउन राज्यले नीति बनाउनुपर्नेमा उनले जोड दिए । राजश्व परामर्श समितिका सदस्य निर्मलहरि अधिकारीले परामर्श समितिले गरिरहेको कामको बारेमा जानकारी गराएका थिए भने समितिका अध्यक्ष महेश प्रसाद दहालले आएका सुझावलाई हुबहु लिपिबद्ध गर्ने र नीतिगत सुधारका लागि सिफारिस गर्ने आश्वासन दिए ।

### देवताल गाउँपालिको आफ्नै कार्यालय

वारा । बाराको देवताल गाउँपालिकाको कार्यालय नयाँ भवनमा सरेको छ । हाल गाउँपालिका कार्यालय रहेको भवन सेवा प्रवाहका लागि साँघुरो भएपछि नयाँ भवन बनाइएको देवताल गाउँपालिकाका अध्यक्ष चन्दन सिंहले जानकारी दिए। उनका अनुसार गाउँपालिकाको प्रशासनिक भवन तथा कम्पाउन्ड वाल निर्माणका लागि दुईवटा उपभोक्ता समितिले काम गरेको छ। भवन निर्माण उपभोक्ता समितिले ८३ लाख ३८ हजार ८ सय ८२ रुपैयाँ र कम्पाउन्ड वाल तथा शौचालय निर्माण उपभोक्ता समितिले २९ लाख ४५ हजार रुपैयाँ रकम बुझेका छन् । भवन, शौचालय तथा कम्पाउन्ड वालको काम २०७५-०७६ देखि नै सुरु भएको र १ करोड ४० लाख रुपैयाँ जति खर्च भएको गाउँपालिका अध्यक्षका स्वकीय सचिव अब्बास मियाँले जानकारी दिए ।

### सदस्यता विवाद समाधान गर्न ज्ञापन पत्र

कपिलवस्तु । नेपाल पत्रकार महासंघका विभिन्न जिल्ला तथा प्रदेशबाट सदस्यताको लागि सिफारिस भएका पत्रकारको नामावलीमा एकलौटी भएको तथा क्रियाशिल पत्रकारहरुको नामावली छुटेको प्रति नेपाल प्रेस युनियका केन्द्रिय सदस्य जय सिंह केसीको गम्भिर ध्यान आकर्षण भएको छ। केसीले जिल्लाका राजनैतिक तथा बहुमतको आधारमा सदस्यता सिफारिस गरि क्रियाशिल पत्रकारलाई सदस्यता नदिएको प्रति आपत्ती जनाएका छन्। सोही विषयमा जिल्लामा कार्यरत क्रियाशिल पत्रकारलाई सदस्यता दिनको लागि नेपाल पत्रकार महांसंघको केन्द्रिय समितिमा ज्ञापन पत्र बुझाएका छन्। महासंघका अध्यक्ष गोविन्द आर्चाय,महासचिव रमेश विष्ट , विवाद समाधान समितिका डा. सुरेश आर्चायलाई तत्काल सदस्यताको विषय समाधान गर्न केसीले ज्ञापन पत्र बुझाएका छन्। ज्ञापन पत्र पछि महासंघका अध्यक्ष गोविन्द आर्चायले जिल्लाका सिफारिस तथा विवाद र सदस्यताको लागि आएको लिखित निवेदनको छानविन गरि तत्काल समस्याको समाधान गरिन बताए।  कपिलवस्तु, बाकें लगायतका जिल्लामा सदस्ताको लागि विवाद रहेको छ।

# थरुहट–थारुवानद्वारा विद्रोहको घोषणा

धनगढी । कैलालीको हसुलियामा सम्पन्न थरुहट थारुवान राष्ट्रिय सम्मेलनले विभिन्न १५ वटा कारणसहित विद्रोहको घोषणा गरेको छ । आइतबार राती सम्पन्न सम्मेलनले आफ्ना माग पूरा गर्न विद्रोहको घोषणा गरेको जनाएको छ ।



राज्य पुनःसंरचनाको विषयलाई लिएर लामो समयदेखि संघर्षरत थरुहटरथारुवान राष्ट्रिय मोर्चाको राष्ट्रिय सम्मेलन फागुन १५ र १६ गते कैलालीको कैलारी गाउँपालिकाको हसुलियामा सम्पन्न भएको हो ।

हसुलियामा सम्पन्न राष्ट्रिय सम्मेलन मार्फत १५ बुदे अवधारणापत्र' जारी गर्दै मोर्चाले विद्रोहको घोषणा गरेको छ । मोर्चाले विद्रोहमा जानुको १५ कारण उल्लेख गरेको छ। मोर्चाले थारु बाहुल्य भूगोल समेटेर प्रादेशिक संरचना बनाउनुपर्ने, टीकापुर घटना राजनीतिक रुपमा सम्बोधन गर्नुपर्ने मुख्य माग अघि सारेको छ ।

२०७२ भदौ ७ गते कैलालीको टीकापुरमा थरुहट आन्दोलनकारी र प्रहरीबीच दोहोरो झडप हुँदा आठ प्रहरीसहित एक नाबालकको ज्यान गएको थियो । सो घटना घटना मुद्दामा सांसद रेशम चौधरीसहित नेता कार्यकर्ताहरु जेल सजाय भोगिरहेका छन् ।

**विद्रोहका १५ कारण**

१. दासता विरुद्धको विद्रोहको तयारीका लागि नेतृत्व र जनताको बीचमा विश्वास, भरोसा, जिम्मेवारी उत्तरदायीत्व वहन गर्दै आदिवासी थारु, दलित, जनजाती, मुस्लिम, मधेशी, महिलारुको एकल वा फरक-फरक आन्दोलन गरिने छैन । सामाजिक, साँस्कृतिक, सामुदायीक, आर्थिक र राजनैतिक दासतामा बाँच्न विवश जनलोकको संयुक्त विद्रोहको तयारी थरुहट माग मुद्दा प्रति सकारात्म वा प्रतिवद्ध सबै शक्तिका बीच सहकार्य एकता मोर्चाबन्दी, साझा मुद्दा बनाई शान्तिपूर्ण साझा आन्दोलनको अवधारणाबाट गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

२. समानता, न्याय, अधिकारका लागि दासता विरुद्धको संयुक्त र साझा विद्रोह कुनै जाति, वर्ग, लिङ, क्षेत्र, समुदाय र धर्मका विरुद्ध हुने छैन ।

३. हिंसा, डर, त्रास, धाक, धम्की आतङ्क, चन्दा असुली, लुटपात नगरी सभ्य शालिन भद्र तवरबाट अधिकार प्राप्ती र स्थायी शान्तिका लागि शान्तिपूर्ण विद्रोह हुनेछ ।

४. राज्यको पुनःसंरचनामा जातिय ऐतिहासिक पृष्ठभूमीका आधारमा पहिचान सहित नामाङ्कन सीमाङ्कन एवं अधिकार सम्पन्न थरुहट स्वायत्त प्रदेशको स्थापना,राज्यको हरेक अंगको सबै तह तप्कामा जातीय जनसंख्याको आधारमा पूर्णसमानुपातिक प्रतिनिधित्व, पूर्ण समानुपातिक निर्वाचन प्रणालीको संवैधानिक व्यवस्थासहित संविधानको अन्तरबस्तुसँग रहेका अधिकारका १४ बुँदे मुख्य राजनीतिक माग मुद्दाहरु संविधान संशोधन गरि पूरा गराउन हाम्रो विद्रोह हुनेछ ।

५. थरुहट आन्दोलनकर्मी र सरकारबीच २०६५ साल चैत्र १ गते भएको ६ बुँदे र २०६९ साल जेठ १० गते भएको १० बुँदे सहमति सम्झौताहरु कार्यान्वयन गराउन विद्रोह हुनेछ ।

६. अधिकारका लागि शान्तिपूर्ण थरुहट आन्दोलनमा होमिएका निहत्था थरुहट नेता कार्यकर्ताहरु उपर लगाएको सबैखाले झुठा मुद्दा खारेज गरी निःशर्त रिहाईका लागि हाम्रो विद्रोह हुनेछ ।

७. कर्फ्यू निषेधाज्ञा लागेकै बेला थरुहट नेता कार्यकर्ता, व्यवसायीहरुको घर पसल व्यावसायिक केन्द्र, सञ्चार गृहमा भएको आगजनी लुटपाट तोडफोड गर्ने थरुहट पहिचान विरोधीहरु तत्वहरुमाथि र थारु चेलीबेटी उपर भएको बलात्कार दुर्व्यहवार गर्नेहरुलाई कारबाहीका लागि हाम्रो विद्रोह हुनेछ ।

८. टीकापुर घटनाको विषयमा पूर्व न्यायाधीश गृहचन्द्र लालको संयोजकत्वमा गठित उच्चस्तरीय छानबिन आयोगको र देवीराम शर्माको छानविन समितिको प्रतिवेदन सार्वजनीक गर्न दबाबका लागि हाम्रो विद्रोह हुनेछ ।

९. जातिय छुवाछुत, असमानता, विभेद र जघन्य बलात्कारका विरुद्व हाम्रो विद्रोह हुनेछ ।

१०. अपाङ्ग, एकल महिला, प्रौढ, असक्तहरुको गास, बास, कपास, शिक्षा, स्वास्थ्य निःशुल्क र रोजगारी ग्यारेन्टी गर्न हाम्रो विद्रोह हुनेछ ।

११. विद्यमान, वेथिति, भ्रष्टाचार, कुशासन विरुद्व हाम्रो विद्रोह हुनेछ ।

१२. किसान, मजदुरहरुको श्रम, शोषणको विरुद्ध हाम्रो विद्रोह हुनेछ ।

१३. बालुवाटार र सिंहदरवारले हामी माथि गरेको औपनिवेसिकताका विरुद्व हाम्रो विद्रोह हुनेछ ।

१४. धर्तीपुत्र थारुलगायत आदिवासी जनजाति, मुस्लिमहरुको परम्परागत एवं प्रथाजनित मूल्य मान्यतालाई संवैधानिक एवं कानुनी मान्यता दिलाउन हाम्रो विद्रोह हुनेछ ।

१५. थारुहरुको भाषा, धर्म संस्कृति, सभ्यता तथा सम्पदाहरुको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनका लागि सरकारलाई दबाब दिन हाम्रो विद्रोह हुनेछ ।

# प्रत्येक घरधुरीमा खानेपानी पुऱ्याइने

नेपालगञ्ज । नेपाल खानेपानी संस्थानले नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रका ग्रामीण बस्तीसम्म खानेपानी पुऱ्याउने योजना अगाडि सारेको छ ।

उपमहानगरपालिकामा जोडिन आएका साविकका गाविसमा पानी ट्याङ्की निर्माण, डिपबोरिङ जडान र पाइपलाइन विस्तार गरी खानेपानीको व्यवस्था पुऱ्याउन लागिएको नेपाल खानेपानी संस्थान नेपालगञ्ज कार्यालयका सूचना अधिकारी बुद्धिप्रकाश केसीले जानकारी दिए ।

उनका अनुसार नेपालगञ्जमा जोडिन आएका कारकाँदो, परसपुर, उदयपुरलगायतका क्षेत्रमा खानेपानी संस्थानले सेवा विस्तार गरिसकेको छ । खानेपानीको चरम समस्या हुँदै आएको वडा नं १९ वसुदेवपुरमा पनि जनताको घरघरमा खानेपानी पुऱ्याउने गरी योजना शुरु गरिएको छ ।

वसुदेवपुरको आलानगरमा वडा कार्यालय, उपमहानगरपालिका, स्थानीय साम्दायिक वन उपभोक्ता समिति र नेपाली सेनाको सहमतिमा पानी ट्याङ्की निर्माणका लागि करीब दुई कठ्ठा जमीन दिने सहमति भएसँगै योजना कार्यान्वयनको प्रक्रिया अघि बढेको खानेपानी संस्थानका सब-इञ्जिनीयर भुपाल भण्डारीले जानकारी दिए ।

उनका अनुसार २५० मिटर गहिराइमा डिपबोरिङ जडान गरी ४५० घनमिटर क्षमताको खानेपानी ट्याङ्की निर्माण गर्ने योजना रहेको छ । वडा नं १९ का करीब ५०० घरधुरीमा पुग्नेगरी दैनिक १० लाख लिटर पानी उत्पादन गरिनेछ । आर्थिक वर्ष २०७८/७९ को असार मसान्तमा सम्पन्न हुने सो योजनाको एक महीनाभित्र डिपबोरिङ, पाइपलाइन र ट्याङ्की निर्माणका लागि माटो परीक्षणका लागि टेण्डर हुने भण्डारीले जानकारी दिए ।

ग्रामीण क्षेत्रसम्म जनतालाई घरघरमा खानेपानी सेवा पुऱ्याउन लागि परे पनि खानेपानी संस्थानले नेपालगञ्जको मुख्य बजार क्षेत्रमा भने जनतालाई आकर्षित गर्न सकेको छैन । संस्थानबाट नेपालगञ्जमा अहिले ४० लाख लिटर पानी प्रतिदिन उपयोग भइरहेको छ । नेपालगञ्जमा पाँच हजार घरधुरीले मात्र संस्थानबाट खानेपानीको सेवा लिइरहेका छन् । नेपालगञ्जका अधिकांश स्थानमा ३० फिटसम्मको गहिराइबाट निकालिएको पानी जनताले पिइरहेका छन् । हाते पम्पबाट अधिकांश ठाउँमा जनताले पानीको उयोग गरिरहेका छन् ।

भूमिगत जलस्रोतबाट खानेपानीको आपूर्ति गर्दै आएका नेपालगञ्जवासीका लागि दीर्घकालीन आपूर्ति व्यवस्थापन गर्न राप्ती नदी किनारमा इन्टेक बनाएर १६ किलोमिटर मुख्य पाइप लाइनबाट ल्याइ पुऱ्याउने योजना छ । राप्ती नदीबाट पानी नेपालगञ्जसम्म २० इञ्च पाइपबाट राप्तीपथ हुँदै खानेपानी मेनलाइन बिस्तार गर्ने योजना छ । सो नदीबाट ल्याइने पानी नेपालगञ्जमा रहेका खानेपानीका ट्याङ्कीमा पुऱ्याइने र त्यसैमार्फत वितरण गर्ने योजना रहेको थियो । उक्त योजना सम्पन्न भएपछि दैनिक दुई करोड लिटर पानी सहज उपलब्ध हुनसक्ने विश्वास गरिएको छ ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०५१५२२३५०

इमेल : malcprovince2@gmail.com


## सशस्त्र प्रहरीको दुईवटा बीओपी

सर्लाही । सर्लाहीमा एकैदिन सशस्त्र प्रहरीको दुईवटा बोर्डर आउट पोष्ट ( बीओपी) थप भएको छ । विष्णु गाउँपालिका-१, बाराउद्योरण र सदरमुकाम मलङ्गवा नगरपालिका-९, टावर चौकमा बीओपी थप गरिएको सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक (एसपी) गङ्गाराम श्रेष्ठले जानकारी दिए । दुवै ठाउँका बीओपीको प्रदेश २ का सशस्त्र प्रहरी प्रमुख (डीआईजी) चन्द्रप्रकाश गौतमले उद्घाटन गरे ।

बाराउद्योरणको बीओपीका लागि विष्णु गाउँपालिका कार्यालयले तीन कठ्ठा पाँचधुर जग्गा उपलब्ध गराएको छ । देशको सीमा रक्षा गर्ने प्रमुख जिम्मेवारी पाएको सशस्त्र प्रहरीलाई गाउँपालिकाले निःशुल्क रुपमा जग्गा उपलब्ध गराएको विष्णु गाउँपालिकाका अध्यक्ष जवाहारलाल राय यादवले बताए ।

बाराउद्योरणको बीओपीलाई तत्कालका लागि वडा कार्यालयको निर्माणाधीन भवनमा राखिएको र केही महिनाभित्रै गाउँपालिकाले उपलब्ध गराएको जग्गामा आफ्नै भवन बनाएर सारिने सशस्त्र प्रहरी उपरीक्षक श्रेष्ठले बर्ता । सदरमुकाम मलङ्गवामा भने यसअघि टावर चौकमा रहेको क्याम्पलाई नै बीओपीमा रुपान्तरण गरिएको हो । दुवै ठाउँको बीओपीको उद्घाटन गर्दै सशस्त्र प्रहरीको प्रदेश २ प्रमुख डीआईजी गौतमले सीमाको रक्षा र चोरी तस्करी नियन्त्रणमा सशस्त्र प्रहरीलाई सहयोग गर्न स्थानीयसँग आग्रह गरे । एकैसाथ बाराउद्योरण र मलङ्गवामा बीओपी थपिएपछि सर्लाहीमा बीओपीको सङ्ख्या ११ पुगेको छ ।

## संक्षिप्त समाचार

### क्षेत्री र नरवणेबीच भेटवार्ता

काठमाडौं । नेपाली सेनाका अवकाश प्राप्त प्रधानसेनापति राजेन्द्र क्षेत्रीले भारतीय सेनाप्रमुख मनोज मुकुन्द नरवणे र चिफ अफ डिफेन्स स्टाफ (सुरक्षा निकायका प्रमुख) विपिन रावतबीच शिष्टाचार भेटवार्ता गरेका छन् । यी दुईबीच नयाँ दिल्लीमा भेटवार्ता भएको हो । श्रीमतीको उपचारका लागि दिल्ली पुगेका क्षेत्रीले सो अवसर पारेर नरवणेसँग शिष्टाचार भेटवार्ता गरेका हुन् । उनले भेटवार्तामा अन्य कुनै एजेन्डा नरहेको बताए ।

### विद्यालयमा निःशुल्क स्यानेटरी प्याड

जनकपुरधाम । प्रदेश २ सरकारले का विद्यालयमा किशोरीहरूका लागि सेनिटरी प्याडसमेत निःशुल्क रूपमा उपलब्ध गराउने भएको छ । सामाजिक विकास मन्त्रालयका कानुन अधिकृत अजित केशरीका अनुसार चालू आवमा यो कार्यक्रम सीमित विद्यालयमा मात्रै लागू हुन्छ । केशरीले भने, 'कार्यक्रम प्रभावकारी भएको खण्डमा अगामी वर्षहरूमा पनि यसलाई निरन्तरता दिँदै प्रदेशका सबै माध्यमिक विद्यालयमा लागू हुन्छ ।' गत आर्थिक वर्षदेखि नै प्रदेश सरकारले विद्यालयमा नर्स राख्ने प्रयास गरेका थिए ।

### गाई काटेको अभियोगमा तीन जना पक्राउ

बाँके । गाई काटेको अभियोगमा नरैनापुर गाउँपालिका-१ मतनिया गाउँ बस्ने २८ वर्षीय अमित अन्सारी समेत ३ जनालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । गाई काटेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय भगवानपु र सिमा प्रहरी चौकी सुईयाबाट खटिएको प्रहरीले उनीहरूलाई करिब १० केजी गाईको मासु सहित फेला पारी पक्राउ गरेको हो ।

### ट्याक्टरले किचेर कामदारको मृत्यु

रौतहट । बृन्दावन नगरपालिका-१ स्थित सडकमा ना.७ त ५५३१ नम्बरको ट्याक्टरको टेलरबाट झर्ने क्रममा टेलरको पछाडीको चक्काले किचेर एक कामदारको मृत्यु भएको छ । ट्याक्टरमा लेवर काम गर्ने चन्द्रपुर नगरपालिका-६ झनझने टोल बस्ने सर्लाही मुर्तिया घर भएका ६२ वर्षीय रामजी कुश्वारको शुक्रबार बिहान मृत्यु भएको छ । किचेर गम्भीर घाइते भएका उनको उपचारको लागि स्थानीय चन्द्रपुर अस्पतालतर्फ लैजानेक्रममा बाटोमै मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### बालविवाह गर्ने र गराउने ३ जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ स्थित भुटनदेवी मन्दिरबाट बालविवाह गर्ने र गराउने कार्यमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार पक्राउ पर्नेहरूमा विवाह गर्ने दुलही १८ वर्षीया किशोरी, सोही नगरपालिका-१६ नगवा बस्ने दुलाहा १९ बर्षीय गुड्डु सर्राफ र दुलाहाका बुवा ४६ वर्षीय कृष्ण सर्राफ रहेका छन् । मुलुकी अपराध संहिताको दफा १७३ विपरीत उक्त मन्दिरमा बालविवाह गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालत पर्साबाट ७ दिन म्याद अनुमति लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### सवारी दुर्घटनामा रूपन्देहीमा दुईको मृत्यु

रुपन्देही । जिल्लामा दुई छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । सैनामैना नगरपालिका-१ वनकट्टास्थित सडकमा मोटरसाइकलको ठक्करबाट साईकलयात्री शुद्धोधन गाउँपालिका-१ सिखरा बस्ने ५० वर्षीय राजेन्द्र लोधको शनिबार राति मृत्यु भएको छ । उक्त सडकमा लु.३७ प ४७९१ नम्बरको मोटरसाइकलले ठक्कर दिइ बाटोमा लडेको र पुनः लु.१५ प ५५६१ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । दुबै मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी रुपन्देहीको कोटहिमाई गाउँपालिका-१ सिपुवास्थित सडकमा लु.२ च १५१७ नम्बरको पिकअप जिपको ठक्करबाट पैदलयात्री सम्मरीमाई गाउँपालिका-५ बस्ने ३२ वर्षीया कुसुम लोधको शनिबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । फरार जिप चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

मोरङ । सुन्दरहरैंचा नगरपालिका-३ स्थित सडकमा प्र १-०२-०४२ प ६३९२ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बुधबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २० वर्षीय अजित चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकोका उनको स्थानीय मेडिकल हुँदै नोबेल अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### अवैध लागूऔषधसहित पक्राउ

रौतहट । राजदेवी नगरपालिका-८ लक्ष्मीपुरबाट नियन्त्रित लागूऔषध १ सय ८० एम्पुल फेनारगन, १ सय ८० एम्पुल नोर्फिन, १ सय २० एम्पुल डाईजेल्याप र ६० एम्पुल डाईजेपाम सहित भारत सितामडी वैरगैनिया भकुरहर बस्ने २ जना १८ वर्षीय किशोरलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ साईकलमा आउँदै गरेका उनीहरुलाई जिल्ला प्रहरी कार्यालय रौतहट र प्रहरी चौकी वेलविछुवाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### आगलागीबाट ९ लाखको क्षति

बाँके । बैजनाथ गाउँपालिका-१ गाभर बस्ने ४९ वर्षीया पदमकला कामीको सोही ठाउँस्थित केदार पोल्ट्री फारममा बिजुलीको तार सर्ट भई बुधबार बिहान आगलागी हुँदा कुखुराको खोर र कुखुरा जलेर करिब ९ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीयवासी र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### चोरीपैठारीको सामान बरामद

रुपन्देही । रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका ३ स्थित बालापुरबाट फागुन १८ गते एपीएफ टोलीले करीब ९ लाख २६ हजार रुपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल नम्बर २७ गण रुपन्देहीबाट खटिएको एपीएफ टोलीले उल्लेखित मूल्य बराबरको पित्तलको मूर्ति, फलामको पुन्यु र फेन्सी कपडा बरामद गरेको हो । भन्सार छली अवैध रुपले लु १ ज ३५४९ नम्बरको बलेरो गाडीमा राखेर ल्याउँदै गरेको अवस्थामा उक्त सामानहरु बरामद गरिएको हो । बरामद सामान तथा बलेरो गाडी आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाईएको छ । उक्त गाडीको भन्सार दाखिला मुल्य १३ लाख रुपैयाँ रहेको छ ।

### ट्याक्टरको ट्रलीले किच्दा एकको मृत्यु

मोरङ । उर्लाबारी नगरपालिका-१ टपुमावा खोलामा प्रदेश १-०४-०१ त १२० नम्बरको ट्याक्टरको ट्रलिले किच्दा सोही ट्क्याटरमा काम गर्ने रतुवा नगरपालिका बस्ने ५१ वर्षीय गौरिमान खड्काको सोमबार दिउँसो घट्नास्थलमै मृत्यु भएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मोटरसाइकललाई टिपरले ठक्कर दिंदा एकको मृत्यु

बाँके । राप्ती सोनारी गाउँपालिका-९ ढकरीस्थित सडकमा भे.८ प ३७९५ तथा भे.५ प ३८८९ नम्बरको मोटरसाइकलाई ना.८ ख ५४५६ नम्बरको टिपरले सोमबार बेलुका ठक्कर दिँदा भे.८ प ३७९५ नम्बरको मोटरसाइकलमा सवार सोही गाउँपालिका-८ बस्ने २५ वर्षीय ढग बहादुर खड्काको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुमा उपचारको क्रममा मृत्यु भएको हो । घाइते भएका दुवै मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । टिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# धादिङ्ग र सिन्धुपाल्चोकमा २५ वटा स्वास्थ्य चौकी पुनर्निर्माणका लागि भारतद्वारा आर्थिक सहयोग प्रदान

काठमाडौं । नेपालमा २५ वटा स्वास्थ्य चौकीको पुनर्निर्माणका लागि भारतीय राजदूतावासको विकास साझेदारी तथा पुनर्निर्माण विभागका प्रमुख तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन)का परियोजना निर्देशकले चारवटा सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । धादिङ्ग जिल्लामा १२ वटा र सिन्धुपाल्चोक जिल्लामा १३ वटा गरी कूल २५ वटा स्वास्थ्य चौकीको पुनर्निर्माण हुन लागेको हो । २०७२ सालको भूकम्पले क्षति पुऱ्याइएका यी स्वास्थ्य चौकी नेरु. ५३ करोडको लागतमा पुनर्निर्माण हुनलागेको हो ।

सोही अवसरमा सफल बोलपत्रदातालाई कार्य हस्तान्तरण गर्न हेतु ठेकेदार र केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) का बीच चारवटा ठेक्का सम्झौतामा पनि हस्ताक्षर सम्पन्न भएको छ ।



यी स्वास्थ्य चौकीको निर्माणका लागि केन्द्रीय भवन अनुसन्धान संस्थान (सीबीआरआई), रुड्कीले प्राविधिक सहयोग प्रदान गर्नेछ । केन्द्रीय भवन अनुसन्धान संस्थान (सीबीआरआई) भूकम्प प्रतिरोधी पुनर्निर्माण क्षेत्रमा भारतकै शीर्ष संस्थानमा पर्दछ । नेपालका १० जिल्लाका स्वास्थ्य क्षेत्रमा पुनर्निर्माणका लागि भारत सरकारले ५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । सोही प्रतिबद्धता अनुरुप १४७ वटा स्वास्थ्य परियोजनामध्ये यी २५ वटा स्वास्थ्य चौकीको पुनर्निर्माण राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत हुन लागेको हो ।

बाँकी परियोजनाहरु बोलपत्र आव्हान प्रक्रियाको सुरुवाती चरणमा रहेको छ । यी स्वास्थ्य संरचनामा ओपिडी, डिस्पेन्सरी, औषधी भण्डारण कक्ष, एन्टी/पोस्ट नेटल रुम, स्वास्थ्यकर्मीका लागि शयनकक्ष, भान्साघर, अपाङ्गमैत्री सरसफाई संरचना रहनेछन् ।

स्वास्थ्य क्षेत्रमा पूर्वाधार संरचना सुदृढीकरण गर्नका लागि भारत सरकार नेपाल सरकारसँग मिलेर काम गरिरहेको छ ।

सन् २००३ देखि हालसम्म भारत सरकारद्वारा आर्थिक सहयोग पुऱ्याइएका साना विकास परियोजना योजनाअन्तर्गतका ४० वटाभन्दा बढी स्वास्थ्य शिविर/स्वास्थ्य चौकी निर्माण सम्पन्न भइसकेका छन् ।

सन् १९९४ देखि भारत सरकारले विविध सरकारी, गैर–सरकारी/गैर नाफामूलक संस्थालाई ८२३ भन्दा बढी एम्बुलेन्स उपहार स्वरुप प्रदान गरिसकेको छ ।

दीर्घकालीन, अटल, अतुलनीय र बहुआयमिक प्रकृतिको नेपालसँगको विकास साझेदारीलाई भारत सरकार सदैव निरन्तरता दिन प्रतिबद्ध रहेको छ ।

# ट्राफिक प्रहरी कार्यालय रुपन्देहीको नवनिर्मित भवन उद्घाटन

रुपन्देही । प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले सिद्धार्थनगर नगरपालिका-९ गोलिगढस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीको नवनिर्मित कार्यालय भवनको आइतबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गरेका छन् ।

उक्त अवसरमा भवन निर्माण समितिका संयोजक कृष्ण प्रसाद शर्माले प्रहरी महानिरीक्षक थापा क्षेत्रीलाई नवनिर्मित भवनको साँचो हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले नवनिर्मित भवनको निरीक्षण गर्नुको साथै भवन निर्माण कार्यमा उल्लेखनीय सहयोग पुर्याउने विभिन्न व्यक्तित्वहरूलाई प्रशंसापत्र समेत प्रदान गरेका थिए ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले भवन निर्माण कार्यमा सहयोग पुर्याउने सिद्धार्थनगर नगरपालिका लगायत सम्पूर्ण व्यक्ति तथा संघसंस्थालाई धन्यवाद दिए । प्रहरी कर्मचारीले सदैव आफ्नो कामलाई प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्दै ट्राफिक नियम पालना गराउन इमानदार भई लाग्नुपर्ने उनले बताए ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी नायव महानिरीक्षक रविन्द्र बहादुर धानुकले धन्यवाद ज्ञापन गरेको उक्त कार्यक्रममा भवन निर्माण



समितिका कोषाध्यक्ष मंगल भण्डारीले भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए ।

२०७६ जेठ ३ गते शिलान्यास भएको उक्त भवन सिद्धार्थनगर नगरपालिका तथा उद्यमी व्यवसायीहरूको सक्रियता एवं जनसहभागितामा करिब १ करोड ५२ लाख रुपैयाँको लागतमा निर्माण कार्य सम्पन्न भएको हो ।

करिब ५ हजार वर्गफिट क्षेत्रफलमा निर्मित साढे २ तले उक्त भवनमा सभाहल, कार्यालय प्रमुख कक्ष, व्यारेक, भान्साकोठा लगायत ९ वटा कोठा रहेका छन् ।

भवन निर्माण समितिका संयोजक कृष्ण प्रसाद शर्माको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बिभिन्न सरकारी कार्यालयका प्रमुख, प्रहरी अधिकृतहरू, संघ संस्थाका प्रमुख, भद्रभलादमी लगायत स्थानीय समाजसेवीहरुको उपस्थिति रहेको थियो ।

भवन उद्घाटन कार्यक्रम पश्चात प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र बुटवलमा आयोजित कार्यक्रमबीच लुम्बिनी प्रदेश प्रहरी कार्यालय तथा मातहत कार्यालयमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरूलाई समसामयिक विषयमा आवश्यक निर्देशन समेत दिए ।

सो अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त क्षेत्रको शान्ति सुरक्षा एवं वस्तुस्थितिबारे जानकारी लिनुको साथै वर्तमान परिस्थितिमा शान्ति सुरक्षा कायम गर्ने तथा अपराध नियन्त्रण एवं अनुसन्धान गर्ने काममा अझै सक्रिय भई काम गर्न उपस्थित प्रहरी कर्मचारीहरूलाई निर्देशन दिए ।

कार्यक्रममा प्रहरी तालिम केन्द्र बुटवल तथा लुम्बिनी प्रदेश प्रहरी कार्यालय मातहत १२ जिल्लाका प्रहरी प्रमुखहरूले आ-आफ्नो क्षेत्रको शान्ति सुरक्षा तथा वस्तुस्थितिबारे प्रस्तुतीकरण गरेका थिए ।

निर्देशन सम्बोधन कार्यक्रममा लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी नायव महानिरीक्षक रविन्द्र बहादुर धानुकको साथै संघीय प्रहरी ईकाइ कार्यालय रुपन्देही, प्रहरी तालिम केन्द्र बुटवल, लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालय बुटवल, दंगा नियन्त्रण प्रहरी गण रुपन्देही, सशस्त्र प्रहरी गण खजुरा बाँके लगायत लुम्बिनी प्रदेश प्रहरी कार्यालय मातहत १२ जिल्लाका प्रहरी प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# जसपानिकट आठ जनवर्गीय संगठनको नामाकरण

काठमाडौं । जनता समाजवादी पार्टी नेपालनिकट आठ जनवर्गीय संगठनको नामाकरण भएको छ । पूर्वराजपा र समाजवादी पार्टीबीच एकीकरण पश्चात् जसपा समायोजन प्रक्रिया टुंग्याउँदैछ । आइतबार समायोजन सहजीकरण कार्यदलको बसेको बैठकले जसपाका आठवटा भ्रातृ/जनवर्गीय संगठनको नाम निर्धारण गरेको कार्यदलका सदस्य केशव झाले जनाएका छन् । राष्ट्रिय समाजवादी ट्रेड युनियन महासंघ नेपाल, राष्ट्रिय समाजवादी खेलकुद महासंघ नेपाल, जनता समाजवादी थारु संघ, समाजवादी भू.पू. सैनिक तथा प्रहरी महासंघ, जनता समाजवादी साँस्कृतिक महासंघ, जनता समाजवादी युवा संघ, जनता समाजवादी महिला संघ र नेपाल सुकुम्बासी व्यवस्थापन संघ तय भएको झाले जानकारी दिए ।

# अब लखनउबाटै नेपालगन्जमा हवाई इन्धन

काठमाडौं । नेपालगन्ज डिपोमा अब लखनउबाटै हवाई इन्धन ढुवानी गरिने भएको छ। लुम्बिनी प्रादेशिक कार्यालयअन्तर्गत रहेको हवाई इन्धन डिपो नेपालगन्जमा इन्डियन आयल कर्पोरेसन (आईओसी) को इलाहाबाद डिपोबाट हवाई इन्धन ढुवानी गरिँदै आएको थियो। उक्त डिपोसम्मको दूरी नेपालगन्जस्थित भारतीय नाका रुपैडियादेखि दुईतर्फी करिब ८ सय ५० किमि पर्छ। अब भने आईओसीले लखनउको अमौसीस्थित डिपोबाटै हवाई इन्धन भर्न पाउनेछ।

लखनउबाट ढुवानीसमेत सुरु भइसकेको छ। 'इलाहाबाद र अमौसीको तुलनामा ढुवानी दूरी झन्डै आधा फरक पर्छ,' इन्धन तथा हवाई इन्धन डिपो नेपालगन्जका सूचना अधिकारी अजितकुमार पोखरेलले भने, 'दूरीमा आएको कमीसँगै ढुवानीबाट हुने खर्च पनि बचत हुन्छ।' निगमका अनुसार नेपालगन्जस्थित भारतीय नाका रुपैडिहादेखि लखनउको दुईतर्फी दूरी करिब ४ सय ५० किमि मात्रै पर्छ। लखनउबाट ढुवानीका लागि विगतमा पनि छलफल भएको निगमले बताएको छ। तर आपूर्तिका विषयमा आईओसीले सहमति जनाएको थिएन। 'इलाहाबादको विकल्पमा लखनउबाट ढुवानी गर्ने विषय करिब १५ वर्षदेखि पेन्डिङमा थियो,' निगमका कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले भने, 'पछिल्लो समय आईओसीमा भएको छलफलमा उक्त डिपोबाट ढुवानी गर्न सहमति भयो। यसले ढुवानीमा लाग्ने समयसँगै पैसाको पनि बचत हुन्छ।'

# नेपालका पहिलो चार्टर्ड एकाउन्टेन्ट शर्माको निधन

राजविराज । नेपालको पहिलो चार्टड एकाउटेन्ट (सिए) तथा पूर्व पर्यटनमन्त्री कुबेरप्रसाद शर्माको ८१ वर्षको उमेरमा निधन भएको छ। उपचारको क्रममा रहेका शर्माको हृदयघात भई काठमाडौंमा शुक्रबार निधन भएको हो ।

सप्तरीको निर्वाचन क्षेत्र नम्बर ४ बाट २०४८ सालमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित शर्माको पुर्ख्यौली घर सप्तरीको राजगढ गाउँपालिकास्थित नर्घो टोल हो । २००७ सालदेखि प्रजातन्त्रिक आन्दोलनमा सहभागी उनी २०४६-०४७ सालको जनआन्दोलनमा सप्तरीमा सक्रिय थिए। सप्तरी जिल्लाबाट नेपाली कांग्रेसको तर्फबाट विजयी प्रतिनिधिसभा सदस्य शर्माले २०४८ सालमा १३ हजार ९३१ मत प्राप्त गरी निर्वाचित भएको थिए ।

बिपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईसँग सामिप्यमा रहेर नेपालको लोकतान्त्रिक आन्दोलनमा लामो समयसम्म योगदान पुऱ्याएका शर्मा समाजवादी अवधारणा राख्थे । भ्रष्टाचारको विरुद्धमा जेहाद छाड्ने शर्मा २०५३ सालपछि कांग्रेस पार्टीबाट अलग भई हरियाली नेपाल पार्टीको संस्थापक सभापति बने ।

तत्कालीन पर्यटनमन्त्री कुबेरप्रसाद शर्माले तत्कालीन लाउडा काण्ड हुँदाको बखत नेपाली कांग्रेस भित्र नातावाद र कृपावाद हावी भएको हेर्न र आत्मा स्वाभिमानले सहन गर्न नसकेर कांग्रेस पार्टी परित्याग गरेको घोषणा गरेका थिए । बिद्रोहस्वरूप कांग्रेस पार्टी परित्याग पश्चात भ्रस्टाचार विरोधी पार्टीको रुपमा हरियाली नेपाल पार्टी गठन गरेर आत्म स्वाभिमानको आत्मरक्षा गर्दै देश र समाजको निम्ति जनजागरण अभियानलाई तेज बनाएका शर्मालाई प्रष्ट विचार राख्ने, इमान्दार र योग्य व्यक्तित्वको रुपमा लिइन्छ ।

राजविराज नगरपालिका-३ मा समेत घर रहेका उनी बानेश्वर हाइट, काठमाडौंमा बस्दै आएका थिए । सन् १९३७ जुन १९ मा सप्तरीको नर्घोमा जन्मेका शर्माका श्रीमती र ३ छोरी छन् ।

बि.कम. र एफ. सि.ए. गरेका शर्मा नेपालको पहिलो चार्टड एकाउण्टेन्ट र बिमा संस्थाको संस्थापक हुन् । सत्याग्रह र जनआन्दोलनमा प्रहरी हिरासतमा परेका शर्मा निर्मल साप्ताहिकमा २०२७ देखि २०२९ सम्म, जनआंकाक्षा साप्ताहिकमा २०३६ सालमा र राजधानी साप्ताहिकमा २०४२ सालमा प्रकाशक र सम्पादनमा सहयोगी थिए । रोटरी क्लब काठमाडौंका अध्यक्षसमेत बनेका शर्मा रत्नराज्य मावि बानेश्वरको विद्यालय व्यवस्थापन समितिको अध्यक्षसमेत बने । शैक्षिक अभियन्ता रहेका उनको राजनीति सम्बन्धी केही पुस्तक प्रकाशित छन् । उनको शनिवार अन्तिम संस्कार गरिएको छ ।

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारत बायोटेकको कोरोना खोप '८१ प्रतिशत प्रभावकारी'

नयाँदिल्ली । भारत बायोटेकले कोभ्याक्सिन खोपको प्रभावकारिता ८१ प्रतिशत रहेको दाबी गरेको छ । तेस्रो चरणको क्लिनिकल ट्रायल (मानव परीक्षण) को नतिजा सार्वजनिक गर्दै कम्पनीले त्यस्तो दाबी गरिएको हो । कम्पनीले कोभ्याक्सिन बेलायतमा देखिएको नयाँ प्रकारको कोरोना भाइरसविरुद्ध पनि प्रभावकारी हुनेसमेत दाबी गरेको छ ।

'दोस्रो डोजपछि यसअघि संक्रमित नभएकाहरूमा पनि भाइरसको रोकथाममा कोभ्याक्सिनले ८१ प्रभावकारिता देखाएको छ,' कम्पनीद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ । कम्पनीका अनुसार गत नोभेम्बर अन्त्यदेखि सुरु गरिएको परीक्षणमा २५ हजार ८ सयभन्दा बढी सहभागी भएका थिए । जसमा १८ देखि ९८ वर्ष उमेरका मानिस थिए । परीक्षण विभिन्न समूह बनाएर २५ वटा स्थानमा गरिएको जनाइएको छ । त्यसैगरी, ६० वर्षभन्दा माथिका २ हजार ४ सय ३३ जना र विभिन्न जटिल रोगका पीडित ४ हजार ५ सय ३३ जना परीक्षणमा सहभागी भएको समेत कम्पनीको विज्ञप्तिमा उल्लेख छ ।

त्यसैगरी कम्पनीले बेलायतमा देखिएको नयाँ किसिमको भाइरसका लागि पनि खोप प्रभावकारी देखिएको दाबी गरेको छ । भारत बायोटेक भारतमा कोरोनाविरुद्धको खोपको प्रयोग गर्ने अनमुति पाउने दुई कम्पनीमध्ये एक हो । भारत सरकारले हालसम्म कोभिसिल्ड र कोभ्याक्सिन खोपलाई मात्र आपत्कालीन प्रयोगको अनुमति दिएको छ । कोभिसिल्ड अक्सफोर्ड विश्वविद्यालय र अस्ट्राजेनेकाले तथा कोभ्याक्सिन भने भारतकै भारत बायोटेक र भारतीय औषधि अनुसन्धान परिषद्को साझेदारीमा विकास गरिएको हो । कोभिसिल्डको उत्पादक पुनाको सिरम इन्स्टिच्युट अफ इन्डिया (एसआईआई) हो भने कोभ्याक्सिन भने हैदराबादको भारत बायोटेकले नै उत्पादन गरिरहेको छ । विश्वकै सबैभन्दा ठूलो खोप उत्पादक सेरमसँग मासिक १० करोड खोप उत्पादन गर्ने क्षमता छ भने बायोटेकले भने मासिक करिब ३ करोड खोप उत्पादन गर्न सक्ने बताइएको छ ।

भारतले नेपाललाई अनुदानमा दिएको १० लाख डोज खोप पनि सिरमद्वारा उत्पादित कोभिसिल्डकै हो । त्यसैगरी नेपाल सरकारले थप २० लाख डोज खोप पनि सिरमबाटै किन्ने निर्णय गरिसकेको छ ।

# भारतका उपराष्ट्रपति, प्रधानमन्त्रीलगायत विशिष्टलाई कोरोनाको खोप



नयाँ दिल्ली । भारतका उपराष्ट्रपति, प्रधानमन्त्रीलगायतका देशकाउच्चपदाधिकारीहरूले कोरोनाविरुद्धको खोप लगाएका छन् । उनीहरुले सोमबार पहिलो चरणको खोप लगाउँदै आम नागरिकलाई पनि खोप लगाउन आह्वान समेत गरेका छन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय राजधानी नयाँ दिल्लीमा रहेको 'इन्डियन इन्स्टिच्युट अफ मेडिकल साइन्स (एआइआइएमएस) मा गएर खोप लगाएका हुन् ।

उनले आफुले खोप लगाएको फोटो सोमबार सामाजिक सञ्जालहरुमा पनि राखेका छन् ।

'मैले आज कोरोनाभाइरस विरुद्धको पहिलो खोप लगाएको छु चिकित्सक तथा वैज्ञानिकहरुको सिफारिसका आधारमा मैले खोप लगाएको हुँ, विश्वव्यापी महामारीका विरुद्धमा लड्न यसले सवैलाई प्रेरणा मिल्नेछ भन्ने विश्वास लिएको छु' उनले भनेका छन् ।

उनले आफुले खोप प्रतिको विश्वास भएकाले खोप लगाएको उल्लेख गर्दै आम नागरिकलाई पनि खोप लगाउन समेत आह्वान गरे ।

भारतमा गत जनवरी १६ देखि कोरोनाविरुद्धको खोप लगाउन सुरु गरिएको भएपनि प्रधानमन्त्रीसहितका उच्चपदस्थ अधिकारीले भने सोमबार मात्रै लगाएका हुन् । सोमबार प्रधानमन्त्री मोदीसँगै उपराष्ट्रपति, मन्त्री, न्यायाधीशहरूलगायतका धेरै उच्चपदस्थ पदाधिकारीहरूले खोप लगाएका हुन् ।

## ईयूका सांसदद्वारा भारत-दक्षिण अफ्रिका कोभिड खोप पेटेन्ट प्रस्तावको समर्थन

ब्रसेल्स । युरोपियन संसद्का सदस्यहरूले भारत र दक्षिण अफ्रिकाले संयुक्त रूपमा गरेको कोभिड-१९ खोपको बौद्धिक सम्पत्ति अधिकारको पेटेन्ट प्रस्तावलाई समर्थन गरेका छन्। युरोपियन युनियन नेतृत्वलाई बुधवार दिइएको पत्रमा युरोपेली संसद्का १४ सदस्यले कोभिड-१९ खोप पेटेन्ट निलम्बन स्थगित गर्न आग्रह गरेका छन्।

भारतीय सञ्चार संस्था एएनआईका अनुसार उक्त पत्रमा युरोपियन काउन्सिलका अध्यक्ष चार्ल्स मिशेल, आयोगका अध्यक्ष उर्सुला भोन डर लेन, उच्च प्रतिनिधि, जोसेफ बोर्रे, युरोपियन व्यापारका लागि आयुक्त वाल्डीस डोम्ब्रोभ्काइस र युरोपीयन स्वास्थ्य तथा खाद्य आयुक्तलाई सम्बोधन गरिएको थियो।

उक्त पत्र एन्ड्रिया कोजोलिनो, मारिया अरेना, ईवा काइली, एलेक्स अगियस सलिबा, बोगस्ला लिब्रेडज्की, टिमो वोल्केन, मिलान ब्रग्लेज, पेट्रिजिया तोइया, इरेने टिनाग्ली, पियर्स फ्रान्सको मेजिरिनो, पिना पिकेरानो, जिमिलियानोस रोबर्टीलगायतका सांसदहरूले पठाएका हुन्। सांसदहरू ले भनेका छन्, "दक्षिण अफ्रिका र भारतले विश्वव्यापी सङ्गठनलाई पठाएको औषधि, खोप, निदान, व्यक्तिगत सुरक्षा उपकरण, र अन्य चिकित्सा प्रविधि सम्बन्धी पेटेन्ट र अन्य बौद्धिक सम्पत्ति अधिकारमा छुट पाउन अनुरोध गरिएको संयुक्त प्रस्ताव अझै पेन्टिङ रहेको छ ।"

## मुस्किलमा इमरान सरकार

काठमाडौं । पाकिस्तानमा इमरान खान सरकार मुस्किलमा परेको छ । फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) को ग्रे लिष्टबाट बाहिर निस्कने सम्भावना कमजोर भएपछि इमरान सरकार मुस्किलमा परेको हो । केही युरोपेली देशका अनुसार इमरान सरकारले आतंकवादको विरुद्धमा कुनै पनि कार्वाही पूरा नगरेकाले पाकिस्तान ग्रे लिष्टबाट बाहिरिने सम्भावना छैन । रिपोर्टअनुसार पाकिस्तान सरकारले अझै पनि आतंकवादी संगठनलाई आर्थिक सहयोग गरिरहेको छ । त्यस्तै खुलेआम काम गर्न दिइरहेको छ। जेयूडी र जेश जस्ता आपराधिक संगठनमाथि कुनै कार्वाही चलाएको छैन । पाकिस्तान तीन वर्षअघि ने ग्रे लिष्टमा छ ।

## भारतसँग वार्ताका लागि भूमिका निर्वाह गरिदिन पाकिस्तानले गऱ्यो अमेरिकालाई आग्रह

काठमाडौं । पाकिस्तानले अमेरिकालाई भारत-पाकिस्तान वार्ताको वातावरण बनाउनका लागि भूमिका निर्वाह गर्न आग्रह गरेको छ । दक्षिण एसियाली क्षेत्रमा शान्ति स्थापनाका लागि आफ्नो देश र भारतबिच जारी तनाव अन्त्य हुनु अत्यावश्यक रहेकाले वार्ताको वातावरण बनाउनका लागि पहल गर्न पाकिस्तानले अमेरिकासँग आग्रह गरेको पाकिस्तानी पत्रिका डनले उल्लेख गरेको छ । अमेरिकाका लागि पाकिस्तानी राजदूत माजिद खानले वासिङ्गटनस्थित थिंकट्यांक स्टिम्सन सेन्टरको कार्यक्रममा यस्तो बताएको डनले जनाएको छ । पाकिस्तानी राजदूत खानले भनेका छन्, 'पाकिस्तान शान्तिपूर्ण छिमेकी चाहन्छ, अवस्था शान्त बनाउने जिम्मा भारतको हो । हामी अमेरिकासँग आग्रह गर्छौं कि शान्ति स्थापनाका लागि वार्ताको पहल गरि वातावरण बनाउनु भूमिका खेलोस् ।' सन् २०१९ को फेब्रुअरी दोस्रो हप्ता पुलवामामा भएको भारतीय सुरक्षाकर्मीमाथि भएको आक्रमणलाई लिएर भारत आफूले कब्जामा लिएको क्षेत्र सदाका लागि आफूमा मिलाउने प्रयासमा रहेको पनि राजदूत खानले बताएका छन् । यस्तै बालाकोटमा भारतले दाबी गरेजस्तो चरमपन्थीको क्याम्प नरहेको र त्यहाँ आक्रमण गर्दा राजनीतिक रुपमा फाइदा हुने भएकाले भारत सरकारले आक्रमक नीति लिएको आरोप उनले लगाएका छन् ।

## भारतमा २५० रूपैयाँमै कोरोना खोप

काठमाडौँ- भारतले कोरोना भाइरसविरूद्धको खोप 'कोभिशिल्ड'को प्रति डोजको मूल्य निर्धारण गरेको छ । सरकारी अस्पतालबाहेक निजी अस्पतालबाट खोप लगाउन चाहनेले अब २५० रूपैयाँ तिरेर लगाउन पाउने भएका छन् । खोपको मूल्य १५० र सेवा शुल्क १०० गरेर २५० रूपैयाँ निर्धारण गरिएको भारतीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । मार्च १ देखि सुरु हुने दोस्रो चरणको अभियानमा करिव १२ हजार सरकारी अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा निःशुल्क खोप दिइनेछ ।

यस चरणमा ६० वर्षभन्दा माथिका व्यक्तिहरूलाई खोप दिइनेछ। यसको साथसाथै ४५ देखि ६० वर्ष उमेरका गम्भीर अवस्थाका व्यक्तिहरुलाई खोप दिइने छ ।

समयमै अडिट गरौं

जिम्मेवार प्रतिष्ठानको परिचय दिऔं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## वीरगन्जका उद्योगको प्रदूषण मापन गरिने

पर्सा । वीरगन्ज महानगर क्षेत्रका उद्योगको प्रदूषण मापन गर्न लागिएको छ । वीरगन्ज महानगरपालिकाले त्रिभुवन विश्वविद्यालय वातावरण विभागसँगको समन्वयमा महानगरभित्रका उद्योगले गर्ने सबै खाले प्रदूषणको अवस्था जाँच्न लागेको हो ।

महाशाखाअन्तर्गतको वातावरण तथा हरियाली प्रवर्द्धन शाखाले गरिरहेको यो कामका लागि उद्योगहरूको लगत संकलनको काम सकिएको महानगर वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख इन्जिनियर सुनिलकुमार कर्णले जानकारी दिए ।

महानगरमा सानाठूला गरी झन्डै दुई सय उद्योग सञ्चालनमा छन् । महानगर र विश्वविद्यालयको संयुक्त विशेषज्ञ टोलीले स्थलगत रुपमै उद्योगबाट हुने प्रदूषणको मूल्यांकन गर्ने उनले बताए/ ।

मूल्यांकनपछि उद्योगले प्रदूषण गरेको यकिन भए नियन्त्रणका लागि सुझाव तथा निर्देशनसमेत दिइनेछ । अटेर गरे कानुनी कारबाहीको दायरामा ल्याइने कर्णले जानकारी दिए ।

मुलुकको सबैभन्दा ठूलो पर्सा-बारा औद्योगिक करिडोरको ठूलो हिस्सा महानगरभित्रै पर्छ । यहाँका धेरैजसो उद्योगले औद्योगिक प्रदूषण नियन्त्रणका लागि कुनै कदम नचालेकाले महानगरमा प्रदूषण बढेको स्थानीयको गुनासो छ ।

## जिल्ला समाचार

### कम्युनिस्ट पार्टी नै असफल : अध्यक्ष यादव

इलाम । जसपाका अध्यक्ष उपेन्द्र यादवले संविधान उल्लंघन गरेकोमा प्रधानमन्त्री केपी ओलीलाई कारबाही हुनुपर्ने बताएका छन् । इलाम सदरमुकाममा आयोजित जनसभालाई सम्बोधन गर्दै यादवले भने, 'सामान्य व्यक्तिले कानुन उल्लंघन गर्दा गिरफ्तार हुन्छ, जेल जानुपर्छ, संविधान उल्लंघन गर्दा प्रधानमन्त्रीले कारबाही भोग्नुपर्छ कि पर्दैन ?' सर्वोच्च अदालतले प्रधानमन्त्रीले संविधान उल्लंघन गरेको प्रमाणित गरेपछि एक सेकेन्ड पनि पदमा बस्न नपाउने यादवको दाबी छ । उनले अझै पनि केपी ओली नै प्रधानमन्त्री रहिरहे देश बर्बाद हुने र जनताले दुःख पाउने बताए । यादवले प्रधानमन्त्री ओली संघीयता र लोकतन्त्र समाप्त गर्ने बाटोमा लागेको भन्दै त्यही महत्वाकांक्षाको परिणाम प्रतिनिधिसभा विघटन भएको जिकिर गरे । 'प्रधानमन्त्री ओलीले संघीयता र समावेशी भत्काउन थाल्नुभएको छ,' उनले भने, 'संविधान निस्तेज पारेर निरंकुश बन्ने बाटोमा लाग्नुभएको छ ।' मुलुक सञ्चालनका लागि कम्युनिस्ट पार्टी नै असफल भएको भन्दै यादवले प्रधानमन्त्रीले भनेजस्तो संसद्ले प्रधानमन्त्रीलाई कहिल्यै असहयोग नगरेको बताए । यादवले प्रमुख प्रतिपक्षी दल कांग्रेस पनि शिथिल भएको आरोप लगाए । 'कांग्रेसको मुख्य नेतृत्व केपी ओलीको अघि लाचार भयो,' उनले भने, 'उहाँहरू एक-दुईवटा संवैधानिक नियुक्ति एक-दुईवटा राजदूत नियुक्तिका लागि लालायित हुनुभएको छ ।' यादवले जसपा अहिलेको तेस्रो वैकल्पिक धार भएको जिकिर गरे । यादवले पहिचान र सामर्थ्यको आधारमा प्रदेशको पुनर्संरचना गर्नुपर्नेमा जोड दिए ।

### आँखा शिविर संचालन

कपिलवस्तु । ग्रामीण क्षेत्रका गरिब जनताको आँखाको समस्यालाई मध्यनजर गर्दै शुद्धोधन गाउँपालिकाले तीनदिने आँखा शिविर लवनीमा संचालन गरेको छ । आँखाको समस्या, मोतियाविन्दु तथा अन्य समस्याका लागि शिविर संचालनमा ल्याइएको छ । सामान्य समस्याका लागि प्राविधिक टोलीद्वारा उपचारको व्यवस्था गरिएको छ भने मोतियाविन्दु भएका विरामीलाई अप्रेसनका लागि अन्य स्थानमा रिफर गरिएको छ । अप्रेसन गरेर आएका विरामीलाई गाउँपालिकाबाट ५ हजार रुपैयाँसमेत प्रदान गरिने अध्यक्ष निसार अहमद खांले बताए । गाउँपालिकाका ६ वडा तथा नजिकका पालिकाका वडाहरुका जनताले शिविरवाट सो लिइरहेको र प्रत्येक वर्ष शिविर संचालन गरिरहेको समेत अध्यक्ष खांले बताए । मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको सहयोग र सुदृष्टि प्रतिष्ठान नेपाल काठमाडौंको प्राविधिक सहयोगमा संचालनमा रहेको शिविरमा ५ सय बढी जनताले सेवा लिने अपेक्षा लिइएको सहजकर्ता उषा गौतमले जानकारी दिइन् ।

### बन्धक बनाई फिरौती माग्ने ३ जना पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-१८ खोक्सा बस्ने २३ वर्षीय पुरुषलाई बन्धक बनाइ १० लाख रुपैयाँ फिरौती मागेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही महानगरपालिका-१६ दरैया बस्ने २० वर्षीय रोहित पण्डित, २१ वर्षीय अजय यादव र सोही महानगरपालिका-६ रामपुर बस्ने २८ वर्षीया सन्ध्या शर्मा रहेका छन् । बन्धक बनाएको सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले विराटनगर महानगरपालिका-६ रामपुरबाट पीडितलाई २ घण्टाभित्रै सकुशल उद्दार गरेको थियो । साथै प्रहरीले रोहितलाई शनिबार बेलुका उनकै घरबाट, अजयलाई आइतबार बिहान सोही महानगरपालिका-१२ बखरीबाट र सन्ध्यालाई आइतबार बिहान सोही महानगरपालिका-१ पोखरियाबाट फेला पारी पक्राउ गरेको हो । उनीहरूले पीडितलाई बन्धक बनाएर परिवारसँग १० लाख रुपैयाँ फिरौती समेत मागेको प्रारम्भीक अनुसन्धानबाट खुल्न आएको र उनीहरू उपर अपहरण तथा शरीर बन्धक कसूरमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### २५ किलो चाँदीको गहना बरामद

पर्सा । वीरगन्जको सुन पसल बाट २५ किलो १ सय ६० ग्राम अवैध चाँदीको गहना पर्सा प्रहरीले बरामद गरेको छ । प्रहरीले वीरगन्ज महानगरपालिका ६ स्थित शुभलाभ गहना पसलमा अवैध रुपमा भणडारण गरि राखिएको उक्त परिमाणको अबैध चाँदीको गहना बरामद गरेको हो । अवैध रुपमा भारत बाट चोरी पैठारी गरी चाँदी तथा चाँदीका गरगहनाहरु ल्याई लुकाई छिपाई गरी राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्सा बाट खटिएको टोलिले गहना बरामद गरेको हो । गहना पसलमा खान तलासी गर्दा पसलको सेफ(लकर) भित्र चाँदीका गरगहना १३ किलो १०४ ग्राम र पसल भित्र रहेको कालो झोला भित्र विभिन्न चाँदीका गरगहना १२ किलो ५६ ग्राम बरामद गरिएको पर्साका प्रहरी प्रबक्ता एवं प्रहरी नायब उपरीक्षक ओम प्रकाश खनालले जानकारी दिए । पसलका संचालक भने फरार रहेको तथा उनको खोजी भइ रहेको खनालले बताए । चाँदीका गहनाहरु आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### संघीय सरकार उदासीन : मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले जनकपुरधामको प्रचारप्रसार गर्नमा संघीय सरकारको उदासिनता रहेको आरोप लगाएका छन् । लुम्बिनी गौतब बुद्धको थलो हो, सीताको जन्मभूमि जनकपुरधाम भएपनि संघीय सरकारले जनकपुरधामको प्रचार प्रसारमा बेइमानी गरेको स्पष्ट पारे । जनकपुरधामको जानकी मन्दिरको प्राङ्गणमा सुरु भएको दोस्रो जनकपुर साहित्य महोत्सवमा बोल्दै मुख्यमन्त्री राउतले प्रधानमन्त्री केपी शर्मा ओलीसँग जनकपुरधाम संग विभेद गरेको कुरा अन्तर प्रदेश बैठकको क्रममा कुरा राखेको बताउँदै उनले विवाह पञ्चमी पर्वका लागि बजेट छुट्याइदिन पटक पटक आग्रह गर्दै आएको बताए । प्रदेश सरकारले विवाह पञ्चमी ५० लाख रुपैयाँ दिँदै आएको कुरा समेत उनले बताए । उनले भने, सीता माताको जानकी मन्दिरको महत्वलाई दुनियाँमा पुर्याउन सकेनौं भने पर्यटकीय क्षेत्रमा समेत असर पर्ने हेतु यसको प्रचार प्रसार र सौन्दर्य करणमा समेत ध्यान दिनु जरुरी छ । मुख्यमन्त्री राउतले अमित झाको स्मृतिमा अमित पुस्तकालय निर्माण गर्नका लागि जनकपुरधाम उपमहानगरपालिकाका लालकिशोर साहसँग आग्रह समेत गरेका थिए । उनले सो पुस्तकालयमा प्रदेश सरकारले समेत सहयोग गर्ने घोषणा गरे । त्यस्तै उद्योगपति तथा प्रतिनिधिसभा सदस्य विनोद चौधरीले व्यापारको उद्गम स्थल जनकपुरधाम रहेपनि यस क्षेत्रमा विकास हुन नसकेकोप्रति दुःख व्यक्त गरे । संघ सरकार र प्रदेश सरकारको विवादका कारण व्यवसायीहरु लगानी गर्न चाहेपनि लगानी गर्न नपाएको उनले बताए । उद्योगपति चौधरीले आफुहरु यस प्रदेशमा लगानी गर्न चाहेपनि संघ र प्रदेशको अधिकार बाँझिएको कारण लगानी गर्न नसकेको उनले बताए । उनले भने, 'संघीयता पश्चात विकास गर्ने क्रममा यसै प्रदेशबाट विकासको काम सुरु गर्ने मानसिकताको साथ २ सय मेगावाटको सोलार पावरको प्रोजेक्ट सञ्चालन गर्न मन्त्रीजी र लगानी कर्ताबीच सम्झौता गरायौं, तर दुर्भाग्यवश प्लान्ट सञ्चालनको लागि जग्गा उपलब्ध गराउने अधिकार संघको हो कि प्रदेशको यसै लफडामा प्रोजेक्ट स्थगित छ ।' संघ र प्रदेश सरकार बिचको खिचातानीको कारण यहाँको विकासमा अवरोध भइरहेको उनले बताए ।

### तेस्रो राट्रपति रनिङगशिल्ड प्रतियोगिता सूरू

कपिलवस्तु । स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकद भन्ने नाराका साथ शुद्धोधन गाउंपालिकामा तेस्रो राट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सूरु भएको छ । वडा नं २ को बरगदवामा रहेको खेल मैदानमा खेल प्रतियोगिता उद्घाटन गरिएको छ । कार्यकममा वोल्दै गाउंपालिकाका अध्यक्ष निसार अहमद खांले खेलकुदको माध्यमवाट विद्यार्थीहरुको चौतर्फि विकास हुने हुंदा गाउंपालिकाका यस्ता कार्यकमलाई निरन्तरता दिएको बताए । ३ दिन सम्म चल्लने खेलमा भलिवल,कबड्डी एथलेटिक्स लगायता खेल हुनेछन् । खेला उत्कृष्ट खेलडी र विद्यालयलाई पुरस्कार प्रमाणपत्र र मेडल प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद ज्ञवालीले बताए । उद्घाटन समारोहमा वडा नं २ का अध्यक्ष मनोज कुमार यादव,३ नं का महिवुद्धिन मुसलमान , वडा नं ६ का अध्यक्ष विजय बहादुर यादव, लेखा अधिकृत ऋषिदेव अर्याल, शिक्षा अधिकृत धनि प्रसाद शर्मा, प्रशासन प्रमुद ईश्वरी प्रसाद न्यौपाने लागयतको सहभागिता रहेको थियो । प्रतयोगिताको प्राविधिक व्यवस्थान जिल्ला खेलकुद विकास समितिले गरेको छ । प्रतियोगिता गाउंपालिका क्षेत्रका ८ विद्यालयहरु सहभागि भएका छन् ।

कला/साहित्य

कमल मण्डल 

# राष्ट्रिय युवा प्रतिभाबाट सम्मानित अश्विनीको चर्चा



फेसन शो र डान्स कोरियोग्राफी गर्दै आएका मधेशका एक होनहार युवा कलाकार अश्विनीकान्त झा 'राष्ट्रिय युवा प्रतिभा सम्मान २०७७' बाट सम्मानित भएपछि जताततै चर्चा बटुल्दै छन्। सर्लाही जिल्लाको कविलासी नगरपालिका वडा नं ७ गौर घर भई राजधानीमा बसी सयौं सौन्दर्य प्रतियोगिता र फेसन शोमा कोरियोग्राफी गर्दै आएका झालाई मंगलबार युवा तथा खेलकुद मन्त्रालयले सिंहदरबारस्थित मन्त्रालय प्रांगणमा आयोजना गरेको एक समारोहमा सो सम्मानबाट सम्मानित गरेको हो। समारोहमा युवा तथा खेलकुदमन्त्री जगतबहादुर सुनार (विश्वकर्मा) ले कोरियोग्राफर झालाई नगद १ लाख रुपैयाँसहित 'राष्ट्रिय युवा प्रतिभा सम्मान २०७७' बाट सम्मानित गरेका थिए। मन्त्रालयले हरेक वर्ष विभिन्न विधामा राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्दै आएबमोजिम यस वर्ष आधा दर्जन विधामा सम्मान गर्ने क्रममा कला तथा कोरियोग्राफी क्षेत्रबाट यस वर्ष झालाई सम्मान गरेको हो। कला तथा कोरियोग्राफी क्षेत्रमा योगदान पुऱ्याएवापत झालाई यो सम्मानबाट सम्मानित गरिएको मन्त्रालयले जनाएको छ। यस वर्ष यो विधाबाट सम्मानित हुने झा एक्लो प्रतिभा हुन्। लामो समयदेखि फेशन कोरियोग्राफी तथा नृत्य कोरियोग्राफी गर्दै आएका अश्विनीले हालसम्म २ सयभन्दा बढी व्युटी प्रेजेन्ट तथा फेशन शोका लागि कोरियोग्राफी गरिसकेका छन्। 'यो सम्मान सम्पूर्ण युवाहरुमा आ–आफ्नो क्षेत्रमा क्रियाशील भई देशमा राम्रो काम गर्नेहरुप्रति समर्पण गर्दछु' उनले भने।

# भारतद्वारा विद्युत् आयात-निर्यात कार्यविधि जारी

काठमाडौं। विद्युत् व्यापार सम्झौता भएका मुलुकले आफ्नो देशको कम्पनीमार्फत विद्युत् आयातनिर्यात गर्न पाउने गरी भारतले अन्तरदेशीय विद्युत् आयातनिर्यात कार्यविधि जारी गरेको छ। भारतको केन्द्रीय विद्युत् प्राधिकरणले जारी गरेको उक्त कार्यविधिसँगै नेपालमा उत्पादित विद्युत् भारत निर्यातका लागि कानुनी आधार तय भएको छ।

कार्यविधिअनुसार भारतीय कम्पनीमार्फत भारतीय बजार र बंगलादेशसँग पनि विद्युत् व्यापारका लागि बाटो खुला भएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले बताए। 'हामी आफैं गएर बंगलादेशलाई विद्युत् बिक्री गर्न नपाए पनि भारतीय कम्पनीमार्फत बंगलादेशलाई अप्रत्यक्ष रूपमा विद्युत् बिक्रीका लागि बाटो खुला भएको छ,' उनले भने, 'भारतमा विद्युत् बिक्रीका लागि भारतीय कम्पनी एनभीभीएनसँग हामीले सैद्धान्तिक सहमति गरिसकेको विद्युत् व्यापारको प्रक्रिया चाँडै सुरु गर्न सक्छौं भन्ने लागेको छ।'

भारतले तयार पारेको निर्देशिकामा भारतीय कम्पनीले भारतसँग ऊर्जा व्यापार सम्झौता भएका मुलुकबाट विद्युत् आयात र त्यस्ता देशमा निर्यात गर्न पाउने प्रावधान राखिएको छ। यस्तै भारतसँग ऊर्जा व्यापार सम्झौता भएका मुलुकमा उत्पादित विद्युत् भारतको इनर्जी एक्सचेन्ज बजारमा बिक्री पनि भारतीय कम्पनीमार्फत नै गर्नुपर्ने प्रावधान कार्यविधिमा छ। आगामी जेठदेखि २५ मेगावाट विद्युत् चौबीसै घण्टा बढी हुने प्राधिकरणको प्रक्षेपण छ। माथिल्लो तामाकोसी निर्माण भएपछि पिक आवरबाहेकको समयमा ५ सय मेगावाटसम्म विद्युत् निर्यात गर्न सक्ने प्राधिकरणले विश्लेषण गरेको शाक्यले जानकारी दिए।

सन् २०१८ मा भारतले तयार पारेको अन्तरदेशीय विद्युत् व्यापार निर्देशिकाको आधारमा भारतको केन्द्रीय विद्युत् प्राधिकरणले कार्यविधि जारी गरेको हो। कार्यविधिमा भारतले ऊर्जा व्यापार सम्झौता गरेका देशले भारतीय निकायमार्फत भारतमा विद्युत् निर्यात गर्न पाउने व्यवस्था राखिएको छ। कार्यविधिमा भारतको छिमेकी मुलुक भए पनि भारतले विद्युत् ऊर्जा व्यापार सम्झौता गरेका मुलुकबाट मात्रै विद्युत् निर्यात गर्न पाइने व्यवस्था पनि छ।

# सत्ता...

नेपालले नेकपाका दुईमध्ये कुन पक्षलाई रोज्ने भन्नेबारे प्रस्ट पार्न सकिरहेको छैन।

जसपा नेपालकै कतिपय नेताले सोच, विचार, सिद्धान्त र प्रतिबद्धताका आधारमा ओलीभन्दा प्रचण्ड नै अग्रगामी रहेको निष्कर्ष निकालेका छन्। ओलीप्रति अझै मधेश सकारात्मक हुन नसकेको, मधेशप्रति ओलीले गरेको टिप्पणी मधेशी जनताको मनबाट अझै नहटेको अवस्थामा नेकपाका दुईमध्ये एउटा पक्षलाई रोज्नुपर्ने बाध्यता आयो भने प्रचण्ड-माधव समूहलाई नै रोज्नु पर्छ भन्ने तर्क गरिरहेका छन्।

प्रधानमन्त्री ओलीबाट लोकतन्त्र, संघीयता, धर्म निरपेक्षता, गणतन्त्रलाई खतरा रहेको र यी उपलब्धिलाई ओलीले जतिबेला पनि खारेज गर्न सक्ने खतरा जसपाका नेताहरुले देखेका छन्।

जानकारहरुकाअनुसार जसपा र मधेश फरक हुन। जसपाले सत्ताका लागि आफ्नो लाभहानी हेरेर सरकारमा जानसक्छ तर मधेशको हकमा त्यस्तो नहुने र मधेशको कुनै पनि माग अहिले पूरा भएको छैन। यस्तो अवस्थामा जसपाले लिने कुनै पनि कदम घातक पनि हुन सक्छ।

विगतमा ओली नेतृत्वको सरकारमा सामेल रहेका उपेन्द्र यादव पनि कुनै न कुनै रुपमा ओलीको पश्चगमनको मतियार बनेका थिए। ओलीलाई शक्तिशाली बनाउनेमा कतै न कतै मधेशी नेताहरुको पनि हात छ। यद्यपि ओलीले संसद भंग गरेर जुन प्रतिगामी कार्य गरे, त्यसका आधारमा संसदमा जसपाले ओलीलाई साथ दिने सम्भावना कम देखिन्छ। किनभने संसद विघटनका विरुद्ध जसपा नेपालले पनि आन्दोलन गरेको थियो।

मधेश आन्दोलन हुँदा ओलीले मधेशी जनतामाथि अपमानजनक शब्दहरू प्रयोग गरेका थिए। मधेशमा भएको आन्दोलनलाई उनले मजाकमा उडाएका थिए। यहाँसम्म कि मधेशी दलले संविधान संशोधनका लागि पटक पटक प्रयास गर्दा पनि ओलीले नै संशोधन हुन दिएका थिएनन्। त्यसले गर्दा पनि जसपा नेपाललाई ओलीको साथ दिन त्यति कम्फर्टेबल नहुने विश्लेषकहरुको धारणा छ।

त्यस विपरीत विगतमा मधेशको मामलामा ओलीको तुलनामा प्रचण्डमा अग्रगामी सोच देखिन्छ। मधेशको मुद्दाप्रति उनी जहिले पनि सकारात्मक थिए। मधेशको बारेमा कहिल्यै उनले अपशब्द प्रयोग गरेका छैनन्। मधेशी दलसँग गठबन्धन बनाएर पटक पटक आन्दोलन गर्नुको साथै सरकारमा पनि पटक पटक उनले मधेशी दलसँग सहकार्य गरेका छन्। दोस्रो संविधानसभामा प्रधानमन्त्री बन्दा उनले मधेशी दलको मागका आधारमा संविधान संशोधनको प्रस्ताव संसदमा लगेका थिए तर तत्कालीन एमालेलाई नेतृत्व गरेका ओलीले आफू कुनै पनि हालतमा संविधान संशोधन हुन नदिने अडान लिएका थिए।

यसका लागि ओलीसँग प्रचण्ड स्वमंले वार्ता गरेका थिए तर ओली टसमस भएका थिएनन्। प्रचण्डपछि काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएका थिए। उनले पनि मधेशी दलको माग अनुसार संविधान संशोधन प्रस्ताव संसदमा टेबल गराएका थिए तर तत्कालीन एमालेले त्यसलाई फेल गराएको थियो। यी घटनाक्रम हेर्दा जसपा नेपालका लागि ओली समूह सत्ता साझेदारीका लागि कम्फर्टेबल नरहेको प्रष्टै देखिन्छ।

**सहमतीय सरकारको चर्चा**

सर्वोच्च अदालतले प्रतिनिधि सभा पुनःस्थापना गर्ने फैसला गर्दा पार्टीका संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराई भारतमा थिए। भट्टराई उपचार गराएर फर्किए लगतै उनले सहमतीमा चुनावी सरकारको वकालत गरेका छन्।

भारतबाट आएलगत्तै भट्टराईले राजनीतिक सहमति गरेर चुनावी सरकार बनाउन प्रस्ताव गरेका छन्। भट्टराईको भनाइलाई पार्टीका अन्य नेताले कसरी लिन्छन् यकिन छैन, तर जसपाका केही नेताहरु भने नेकपाको औपचारिक विभाजन र कांग्रेसको निर्णय कुरेर बसेका छन्।

# काठमाडौंमा सेतो मच्छिन्द्रनाथ मन्दिरको पुनर्स्थापना कार्य सुरु

काठमाडौं। नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा, नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत तथा काठमाडौं महानगरपालिका कामेयरले सेतो मच्छिन्द्रनाथ मन्दिरको संरक्षण एवम् पुनर्स्थापनाको काम गर्न संयुक्तरुपमा भूमि पूजन कार्यक्रमको शुभारम्भ गरेका छन्।

उक्त कार्यक्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव मणिराम गेलाल, वडा नं२५ का अध्यक्ष नीलकाजी शाक्य, काठमाडौंका उपमेयर हरिप्रभा खड्गी, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्य चन्द्रबहादुर श्रेष्ठ, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) का परियोजना निर्देशक श्याम किशोर सिंह, पुरातत्व विभागका महानिर्देशक दामोदर गौतम, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सहसचिव गोपाल प्रसाद अर्याल, पुरातत्व विभागका प्रमुख कार्यकारी रामबहादुर कुँवर, हनुमानढोका संग्रहालयका प्रमुख कार्यकारी सन्दीप खनाल, सेतो मच्छिन्द्रनाथ मन्दिरको उपभोक्ता समितिका सदस्य एवम् स्थानीय सदस्यको सहभागीता थियो।

भारतीय राजदूतावासको पुनर्निर्माण तथा विकास विभागका अधिकारीहरु पनि उक्त कार्यक्रममा उपस्थित थिए। साँस्कृतिक सम्पदा क्षेत्रको पुनर्निर्माणमा भारत सरकारले प्रतिबद्धता जनाएको नेरु. ५.८ अर्ब आर्थिक सहयोगअन्तर्गत पुनर्निर्माण हुन लागेका २८ साँस्कृतिक सम्पदा मध्ये यो पहिलो परियोजना हो।

यी सबै २८ साँस्कृतिक सम्पदा क्षेत्रहरु नेपाल सरकारले पहिचान गरेका हुन्। सन् २०१७ अगस्टमा यी क्षेत्रहरुको पुनर्निर्माण हेतु नेपाल सरकार र भारत सरकारबीच सम्झौतापत्रमा हस्ताक्षर भएको थियो।

नेपालको प्राचीन स्मारक संरक्षण ऐनले निर्धारण गरेको मापदण्डअनुरुप पुनर्स्थापना कार्य गर्नका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) ले निकायहरुको पहिचान गरिरहेकोछ। केन्द्रीय आयोजना इकाई (भवन) यी परियोजनाहरुको कार्यान्वयन इकाई हो।

२०७२ सालको भूकम्पले क्षति पुऱ्याएका सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा पुनर्स्थापनाका लागि नेपालको प्राचीन स्मारक संरक्षण ऐन र पुरातत्व विभागले तोकेको निर्देशिका अनुरुप सेतो मच्छिन्द्रनाथ मन्दिरको संरक्षण एवम् पुनर्स्थापना हुनेछ।

यी सम्पदाहरुको पुनर्निर्माण गर्ने क्रममा यसको मौलिकता, परम्परागत महत्व, स्थानीय परम्परा, मूल्य र मान्यतालाई ध्यानमा राख्दै प्राचीन सामाग्रीहरुको यथासक्य प्रयोग गरिने छ। मन्दिरको साजसज्जा तथा काष्ठकला सम्बन्धी काम बिग्रिन नदिन विशेष ध्यान पुऱ्याइने छ। यसका परम्परागत पोलिक्रोम कलाको संरक्षण तथा सम्बर्द्धन गरिने छ।

नेपाल सरकारले अनुमोदन गरेको विस्तृत परियोजना प्रतिवेदन अनुसार संरक्षण तथा पुनस्थर्नपना कार्यमा Indian National Trust for Art and Cultural Heritage (INTACH) ले प्राविधिक सहयोग प्रदान गर्नेछ।

२०७२ सालको भूकम्पले क्षतिग्रस्त यो मन्दिर १०औं शताब्दीमा मल्ल युगमा निर्माण गरिएको विश्वास छ।

काठमाडौं उपत्यकाको संरक्षक देवता मानिने र काठमाडौं शहरको मुटुमा रहेको सेतो मच्छिन्द्रनाथ मन्दिरलाई दुवै हिन्दू र बौद्ध धर्मावलम्बीहरुले उही आस्थाका साथ पूजा गर्छन्।

यी जीवित साँस्कृतिक सम्पदाहरुको परम्परागत गौरवगाथालाई संरक्षण गर्न यी क्षेत्रहरुको संरक्षण एवम् पुनर्निर्माणमा नेपाल सरकारसँग आबद्ध हुन पाएकोमा भारत सरकार अत्यन्तै हर्षित छ।

# एसएसबीको संख्या बढाउने

काठमाडौं। भारतको गृह मन्त्रालयले नेपाल र भुटानसँगको सीमा क्षेत्रमा खटिएको सशस्त्र सीमा बल (एसएसबी) को युनिटको संख्यालाई बढाउने प्रस्तावलाई सैद्धान्तिक स्वीकृति दिएको छ।

एसएसबीका उच्च अधिकारीलाई उद्धृत गर्दै इन्डिया टुडेले प्रकाशित गरेको समाचारअनुसार नेपाल र भुटानसँगको सीमा क्षेत्रमा थप १३ हजार फौज खटाउने निर्णय भएको छ। सीमा क्षेत्रमा सुरक्षालाई अझ सुदृढ बनाउन सो निर्णय भएको हो। निर्णयअनुसार अब नेपाल र भुटानसँगको सीमा क्षेत्रमा एसएसबीका १२ युनिट थपिने छन्। एसएसबीका महानिर्देशक कुमार राजेश चन्द्रले इन्डिया टुडे टेलिभिजनसँग भनेका छन्,'प्रत्येक वर्ष चार बटालियनका दरले बढाउँदै लगिने छ।' त्यसैगरी नेपाल-भारत सिमानमा रहेका चार वटा एकीकृत जाँच केन्द्र (आईसीपी) ५५८ पोष्ट थप गर्ने प्रस्तावलाई पनि भारतीय गृह मन्त्रालयले स्वीकृति दिएको छ।

आर्थिक समाचार

# क्यान्सर अस्पतालमा प्रभु बैंकको काउण्टर



झापा। विर्तामोड नगरपालिका वडा नं. ०६ स्थित पुर्वाञ्चल क्यान्सर अस्पतालमा प्रभु बैंक लि. ले आफ्नो एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ। पुर्वाञ्चल क्यान्सर अस्पताल परिसरमा प्रधानमन्त्री केपी शर्मा ओली र प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले एक समारोहका विच प्रभु बैंक लि. पुर्वाञ्चल क्यान्सर अस्पताल एक्स्टेन्सन काउण्टरको उद्घाटन गरेका छन्। नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिरहेको प्रभु बैंकले विर्तामोड नगरपालिकाको पुर्वाञ्चल क्यान्सर अस्पतालमा पनि आफ्नो सेवा विस्तार गर्न सफल भएको छ। प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित पुर्वाञ्चल क्यान्सर अस्पताल मा आउने सेवाग्राहीहरुलाई रकम जम्मा गर्न र अस्पतालको काम गर्न सहज र सरल हुने भएको छ। प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरुले बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने विश्वास बैंकले लिएको छ।

# नेपाल-भारत यातायात सञ्चालन गर्न माग

काठमाडौं। नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को ओली पक्षीय नेताहरूले कञ्चनपुरको सीमावर्ती क्षेत्रमा यातायात सञ्चालनको माग गरेका छन्। प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीसँग प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको भेटवार्तामा सो क्षेत्रका नेताहरूले भारततर्फ जान सहज हुने गरी सीमापार यातायात सञ्चालन गरिनुपर्ने माग गरेका हुन्। नेताहरूले कञ्चनपुरमा प्रस्तावित औद्योगिक क्षेत्रको शिलान्यास तत्काल गर्नुपर्ने, महाकाली करीडोरका लागि बजेट लगायतका सबै तयारी भएपनि वातावरण प्रभाव मूल्यांकन प्रतिवेदनको कारण भइरहेको ढिलाई अन्त्य गरिनुपर्ने, भीमदत्त विमानस्थल तत्काल सञ्चालनमा ल्याउनुपर्ने र महकालीको तटबन्ध निर्माण तत्काल थाल्नुपर्ने मागसमेत राखेका छन्।

# पर्यटनमन्त्री ढकाल र भारतका लागि नेपाली राजदूत आचार्यबीच भेटवार्ता

काठमाडौं। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भानुभक्त ढकालसँग भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्यले शिष्टाचार भेटवार्ता गरेका छन्। राजदूत आचार्यले सिंहदरबारस्थित पर्यटनमन्त्रीको कार्यकक्षमा भेट गरी कोभिड-१९ पछि बढीभन्दा बढी भारतीय पर्यटकलाई नेपाल भित्रिने वातावरण बनाइदिन मन्त्रीसँग आग्रह गरेका थिए। उनले भौगोलिकरूपमा दुई देशबीचको सीमासम्बन्धी समान नीति अख्तियार गरी भारतीय पर्यटकलाई नेपाल आउन सहज बनाउन मन्त्री समक्ष अनुरोध गरेको पर्यटनमन्त्रीका प्रेस संयोजक माधवप्रसाद तिवारीले जानकारी दिए। जवाफमा पर्यटनमन्त्री ढकालले कोभिडपछिको अवस्थामा भारतीय पर्यटकको आगमनलाई सहज तुल्याउन आफू गम्भीरतापूर्वक लागिपरेको बताए। उनले विदेशी पर्यटकका निम्ति कायम गरिएको स्वास्थ्य मापदण्डलाई खुकुलो बनाएर आगमनलाई सहज बनाउनेगरी मन्त्रालयले निर्णय गरि कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी) मा लगिसकेको बताएका थिए।

# भारतसँग जोडिएका नाका सञ्चालनमा नआउँदा समस्या

बैतडी। बैतडी जिल्लाको तल्लोस्वराडका भारतसँग जोडिएका नाका (घाट) पछिल्लो ११ महिनादेखि बन्द छन्। घाट बन्द हुँदा आवतजावत गर्न नै समस्या भएको छ। महाकाली नदीमा डुङ्गाको सहायताले वारपार गर्न बनाइएका निश्चित स्थानहरू नै घाट हुन्। कोरोना भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्नका लागि भन्दै महाकाली नदीमा रहेका जिल्लाका तल्लोस्वराडका घाट गत चैतदेखि नै बन्द गरिएका थिए। शिवनाथ गाउँपालिकाको नागार्जुन घाट र कुस्मौद घाट तथा पञ्चेश्वर गाउँपालिकाको बलारघाट, ढोयाघाट, रोलघाट, डिम्बरघाट, पञ्चेश्वर घाट, विनायक घाट र धरमघाट बन्द अवस्थामा छन्। घाट बन्द हुँदा भारत जानका लागि दुई दिन लगाएर झुलाघाट नाका भएर जानुपर्ने अवस्था छ। यसका साथै दैनिक उपभोग्य सामानसमेत महँगो खरिद गर्नुपरेको स्थानीयवासी वीरेन्द्र महताले बताए। घाट खुला रहँदा भारतबाट सामान आउने गरेको भए पनि हाल भारतबाट आउन छोडेको हो। उपभोग्य सामानका लागि भारतकै भरमा रहेका स्थानीयवासी हाल समस्यामा परेका हुन्। स्थानीय बासिन्दाको समस्यालाई ध्यानमा राख्दै स्थानीय सरकारले घाट खोलिदिन आग्रह गर्दै जिल्ला प्रशासन कार्यालयलाई आग्रह गरेको शिवनाथ गाउँपालिकाका उपाध्यक्ष कुष्मा चन्दले बताए। यता घाट खोल्नका लागि सरकारले नै निर्णय गर्नुपर्ने बैतडीका प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले जानकारी दिए। उनले भने, 'हामीले घाट खोल्नका लागि सरकारलाई लिखितरूपमा जानकारी गराइसकेका छौं, यस विषयमा सरकारले कुनै पनि निर्णय गरेको छैन।' उनले ती घाट वैधानिक नभएको समेत बताए।

भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाकामात्रै हाल सञ्चालनमा रहेको छ। विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीका कारण सरकारले गत चैतदेखि अन्तर्राष्ट्रिय नाका बन्द गरेको थियो। सरकारले गत माघ महिनादेखि अन्तर्राष्ट्रिय नाका सञ्चालन गर्ने निर्णय गरेको हो।





मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकु** ... र्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madhes ... il.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं